पुर्चौडी नगरपालिका
बैतडी सुदूरपश्चिम प्रदेश

प्रतिवेदन

राजस्व सुधार कार्ययोजना
Revenue Improvement Action Plan

माउन्टेन थटस कन्सल्टेन्सी प्रा. लि.
महालक्ष्मी -५ ललितपुर
सम्पर्क : ९८५८४२१०६२
इमेल:mthoughts2015@gmail.com

विषयसूची

परिच्छेद –१ ..... १

कार्ययोजनाको परिचय १

१.१ पृष्ठभूमी १

१.२ राजश्व सुधार योजनाको औचित्य १

१.३ कार्ययोजनाको उद्देश्य २

१.४ कार्ययोजनाका विषयबस्तुहरु २

१.५ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया ३

१.६ अध्ययनको सीमा ६

परिच्छेद – २ ..... ८

नगरपालिकाको संक्षिप्त परिचय ८

२.१ पुर्चौडी नगरपालिकाको संक्षिप्त परिचय ८

२.२ मानव संसाधन ८

२.३ भौतिक सम्पत्ति १२

परिच्छेद – ३ ..... १४

राजश्व अधिकार र आय सम्भावना विश्लेषण १४

३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था १४

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९

३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना २२

परिच्छेद – ४ ..... ३४

आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ३४

४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना ३४

४.२ आय संकलनको संस्थागत व्यवस्था ३४

४.३ विगतको आय परिचालनको अवस्था ३५

४ .४राजस्व परिचालनमा रहेका सवालहरू ३६

परिच्छेद – ५ ..... ३९
राजश्व सुधार कार्ययोजना ३९
५.१ राजस्व सुधार कार्ययोजना ३९
परिच्छेद – ६ ..... ४७
आगामी तीन वर्षको आय प्रक्षेपण ४७
६.१ राजस्व प्रक्षेपणका आधारहरु ४७
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ५१
परिच्छेद – ७ ..... ५८
निष्कर्ष तथा सुझाव ५८
७.१ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ५८
७.२ निष्कर्ष तथा सुझावहरु ५८
७.२ कार्ययोजनाको अनुगमन एवम मूल्यांकन ५९
अनुसूचीहरू ६१
अनुसूची १ सन्दर्भ सामग्रीहरू ६१
अनुसूची २ :तथ्यांक /सूचना संकलनक लागि फारम तथा सूची ६२
अनुसूची ३ कार्यशालाको समय तालिका ६९
तालिकाहरु ४

तालिका नं. १ कार्यशालामा गठन गरिएका समूह ४
तालिका नं. २ सूचना संकलन कार्यटोली ५
तालिका नं. ३ पुचौंडी नगरपालिको विवरण (२०६८को तथ्यांक अनुसार) ८
तालिका नं. ४ पालिकामा स्वीकृत दरवन्दी र रिक्त दरवन्दीको अवस्था ९
तालिका नं. ५ कर्मचारीहरुको विवरण ११
तालिका नं. ६ नगरपालिकामा रहेका धार्मिक तथा सास्कृतिक स्थानहरु १२
तालिका नं. ७आन्तरिक आय परिचालनको वर्तमान अवस्था १९
तालिका नं. ८ घरजग्गा वहाल करको सम्भाव्यता विश्लेषण २४

ञञञ

तालिका नं. ९ सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण ३०
तालिका नं. १० पुर्चौडी नगरपालिकाको राजस्व परामर्श समिति ३४
तालिका नं. ११ आन्तरिक आयको अवस्था ३५
तालिका नं. १२ पुर्चौडी नगरपालिकाको कूल आय संरचना ३५
तालिका नं. १३ कर राजस्व सूधार कार्ययोजना ३९
तालिका नं. १४ गैरकर राजस्व सूधार कार्ययोजना ४१
तालिका नं. १५ राजस्व प्रशासन सुधार कार्ययोजना ४४
तालिका नं. १६ राजश्व प्रक्षेपणका आधारहरू ४७
तालिका नं. १७ चालू आ.व.को अनुमान तथा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ५१
तालिका नं. १८ आगामी ३ वर्षको प्रक्षेपित आय ५८

परिच्छेद -१

कार्ययोजनाको परिचय

१.१ पृष्ठभूमी

लामो संघर्ष पश्चात प्राप्त "नेपालको संविधान २०७२" ले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको हुनेछ भनि धारा ५६ मा उल्लेख गरेको छ । विकेन्द्रीकरणको अवधारणा सँगै राज्यशक्तिको बाँडफाँड अनुरुप एक केन्द्र, ७ प्रदेश र ७५३ वटा स्थानीय तहहरुको संरचना विकास गरिएको छ । मुलुकको शासन व्यवस्थामा जनताको बढीभन्दा बढी सहभागिता प्रबर्द्धन गर्न र जनतालाई स्थानीयस्तरमा नै सेवा उपलव्ध गराउन स्थानीय स्वायत्त शासन सम्बन्धी निकायको व्यवस्था गर्दै संविधानको धारा ६० ले संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती श्रोतबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको अवस्थामा यस राजश्व सम्भाव्यता तथा राजश्व सुधार कार्य योजना प्रतिबेदनले पुर्चौडी नगरपालिकाको वित्तीय क्षमता विकास गर्ने लक्ष्यका साथै वित्तीय क्षमतालाई सबल बनाउने र राजश्वको सम्भाव्यता, प्रक्षेपण तथा स्रोतहरु पूर्ण क्षमतामा उपयोग गर्ने लक्ष्य लिएको छ ।

हालको परिस्थितिको बारेमा पुनरावलोकन एवम् मूल्याङ्कन गर्ने, लक्षित समूहबीच अन्तरक्रिया एवम् कार्यशाला गोष्ठी गर्ने, राजश्व वृद्धिका उपाय पहिल्याई सल्लाह र सुझाव सहित राजश्व सुधार कार्ययोजना तयार गर्ने र सो तयारी गर्दा प्राप्त अनुभवका आधारमा तालिम सामग्री तयार गर्ने कार्यमा परामर्शदाताको भूमिका आदि रहेको छ । यस कार्यका कृयाकलापहरू नगरपालिकाको नेतृत्वमा संचालन भएका थिए साथै राजश्व सुधार कार्ययोजना तयार गर्दा "गाउँपालिका तथा नगरपालिको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६" अनुरुप गरिएको छ साथै यस नगरपालिकाले यसका प्रकृया तथा उपलब्धीहरूलाई आत्मसातगरी यस कार्य योजनालाई अनुमोदन गरी कार्यान्वयन गर्ने छ भन्ने विश्वासका साथ पुर्चौडी नगरपालिकाको राजश्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन तयार पारिएको छ ।

१२. राजश्व सुधार योजनाको औचित्य

संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नरहेको हुँदा स्थानीय तहको खर्च तथा आवश्यकता परिपूर्तिका लागि राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच बाँडफाँड गरिएको छ । नेपालको संविधानको व्यबस्था र स्थानीय सरकार संचालन ऐन, २०७४ को मान्यता अनुसार

नगरपालिका तथा गाउँपालिकाले स्थानीय स्तरमा आय संकलन गर्न पाउने अधिकार सुनिश्चित गरिएको छ ।

यसरी कानूनले स्थानीय तहलाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भएतापनि स्थानीय तहहरुले त्यसको पुर्णरुपमा परिचालन गर्न सकिरहेका छैनन् । जसको मुख्य कारणमा स्थानीय तहको संरचना नयाँ हुनु , त्यसको लागि आवश्यक नीति तथा कार्यविधि, संगठनात्मक ब्यवस्था, सूचना तथा तथ्यांकको स्थापना, आयको सम्भाब्यता अध्ययन, नियन्त्रण प्रणालीको स्थापना आदिको अवाब तथा अभ्यासको कमी हुनु रहेको छ । यस प्रतिबेदनमा समाबेश गरिएका सामग्रीले आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजश्व प्रक्षेपणलाई यथार्थपरक र बैज्ञानिक बनाई वजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मिल्ने विश्वास लिईएको छ ।

१.३ कार्ययोजनाको उद्देश्य

यस पुर्चौडी नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक श्रोतको संभावना तथा आगामी आर्थिक बर्षको आय प्रक्षेपण सहितको राजश्व सुधार कार्ययोजना तयार गर्नु यस कार्य योजनाको समग्र उद्देश्य रहेको छ । यस राजश्व सम्भाव्यता तथा राजश्व सुधार कार्य योजनाको विशिष्टिकृत उद्देश्यहरु देहायअनुसार रहेका छन् :

१. राजश्व परिचालनका सन्दर्भमा विद्धमान नीति तथा विगतको आय परिचालनको अवस्था विश्लेषण गर्ने

२. स्थानीय तहको आन्तरिक आयका आधार तथा दरको सम्भाब्यता विश्लेषण गरी राजस्व प्रक्षेपण गर्ने ,

३. सहभागितामूलक विधि अवलम्बन गरी राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने,

४. राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी स्पष्ट खाका उपलब्ध गराई ढाँचामा एकरुपता र विषयबस्तुमा गुणस्तरियता कायम गर्ने ,

५. स्थानीय तहको राजश्व अधिकारका सम्वन्धमा जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको क्षमता विकास गरी राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न सहयोग पुर्याउने,

१.४ कार्ययोजनाका विषयबस्तुहरु

गाउँपालिका तथा नगरपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धि दिग्दर्शन २०७६ अनुरुप तयार पारिएको यस प्रतिवेदनमा पुर्चौडी नगरपालिकाको राजस्व परिचालनको हालको परिस्थितिको

पुनरावलोकन एवम् मूल्याङ्कनका आधारमा राजस्व सुधारको लागि गर्नुपर्ने कृयाकलापहरुको पहिचान सहित आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ । यस कार्ययोजनाले नगरपालिकाको राजस्व सुधारमा गर्नुपर्ने कार्यहरूलाई मार्गदर्शन गर्नुका साथै आगामी वर्षहरूको आय बजेट तयार गर्न आधार उपलब्ध गराउने विश्वास लिइएको छ । कार्ययोजनामा समेटिएका विषयवस्तुहरू देहाय बमोजिम रहेका छन् ।

क. कार्ययोजनाको परिचय

ख. नगरपालिकाको संक्षिप्त परिचय

ग. नगरपालिकाको राजस्व अधिकार तथा आय संभाव्यता विश्लेषण

घ. आय संकलनको संस्थागत क्षमता तथा संकलनको अवस्था

ङ. राजस्व सुधार कार्ययोजना

च. आगामी ३ वर्षको आय प्रक्षेपण

छ. निष्कर्ष तथा सुझाव

१.५ कार्ययोजना तर्जुमा विधि तथा प्रक्रिया

यस नगरपालिकाको राजश्व सुधार कार्ययोजना तयार कार्यका लागि सम्बन्धित विभिन्न सन्दर्भ सामाग्रीहरुको अध्ययन तथा विश्लेषण, तथ्याङ्क तथा सूचना संकलनका लागि आवश्यक फारमहरुको विकास, तथ्याङ्क संकलन तथा विश्लेषण, लक्षित समूहबीच अन्तरक्रिया, सहभागितामूलक छलफल, कार्यशाला गोष्ठी तथा प्रस्तुतीकरण जस्ता विधिहरु प्रयोग गरिएको थियो । अध्ययनका क्रममा अवलम्बन गरिएका विधिहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

१.५.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन

अध्ययन कार्यको प्रथम चरणमा विभिन्न स्रोतहरूबाट सन्दर्भ सामग्रीहरू संकलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । थप सूचनाका लागि सम्बन्धित कर्मचारी तथा पदाधिकारीहरुसंग छलफल गरिएको थियो । कार्ययोजना तर्जुमाको क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सन्दर्भ सामग्रीहरू **अनुसूची १** मा समावेश गरिएको छ ।

१.५.२ तथ्यांक/सूचना संकलन फाराम तयारी

तथ्यांक संकलन गर्नुअघि सम्बन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययनका आधारमा परामर्शदातृ संस्थाबाट सूचना संकलनका लागि आवश्यक फारामहरूको विकास गरिएको थियो । राजस्व सुधार

कार्ययोजनाको सन्दर्भमा तथ्यांक संकलनको लागि प्रयोग गरिएको फाराम **अनुसूची २** मा समाबेश गरिएको छ ।

१.५.३ प्रारम्भिक बैठक तथा अभिमुखीकरण कार्यशाला

राजश्व सुधार कार्ययोजना तर्जुमाको लागि परामर्शदाताको टोली २०७८ असार ६ गते पुर्चौडी नगरपालिकाको धल्यामोड पुगेर फर्किनु पर्यो पुनः असर १२ गते पनि सोहि स्थान भन्दा अगाडी जान नसकेको कारण भर्चुयल बैठक मार्फत नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत तथा राजश्व शाखा प्रमुखसंग प्रारम्भिक बैठक गरी अभिमुखिकरण कार्यशालाको सम्पन्न गरियो ।कार्यशालामा स्थानीय तहको राजश्व परिचालन सम्वन्धमा नगरपालिकाका पदाधिकारीहरु, राजश्व परामर्श समिति, कर्मचारीहरु तथा अन्य सरोकारपक्षहरुलाई अभिमुखिकरण गर्न तथा राजश्व सुधार कार्ययोजना तर्जुमा गर्न अभिमुखीकरण तथा प्रारम्भीक कार्यशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यशाला गोष्ठीमा २० जनाको सहभागिता रहेको थियो ।

कार्यशाला गोष्ठीको प्रारम्भमा परामर्शदातृ संस्थाका श्री कृष्ण दत्त भट्टले कार्यक्रमको उद्देश्य, अवधारणा तथा कार्ययोजना तर्जुमा प्रक्रिया बारे प्रकाश पार्नु भएको थियो ।

तालिका नं. १ कार्यशालामा गठन गरिएका समूह

समुह	समूह कार्यको क्षेत्र	समूह संयोजक र सदस्यहरु
समूह - १	राजस्वका शिर्षक दायरा, दर, तथा प्रक्षेपण	संयोजकः श्री जानकी ऐर बम सदस्यहरुः श्री प्रविण धानुक
समुह -२	कर राजस्व सुधार योजना	संयोजकः श्री भारत बहादुर धानुक सदस्यहरुः श्री राजेन्द्र बहादुर धानुक
समुह -३	गैरकर राजस्व सुधार योजना (नयाँ क्षेत्र समेत)	संयोजकः श्री दल बहादुर धामी सदस्यहरुः श्री उत्तम बहादुर विष्ट
समुह - ४	राजस्व प्रशासन (आयको अभिलेख तथा संकलन, संगठन, अनुगमन र समन्वय)	संयोजकः श्री विर बहादुर नेपाली सदस्यहरुः श्री नन्द राज पन्त

समूह कार्यको प्रस्तुती र छलफल पछि कार्ययोजनाका लागि आवश्यक सूचना संकलन गर्न र आवश्यक समन्वयका लागि निम्नानुसारको कार्यटोली गठन गरिएको थियो ।

तालिका नं. २ सूचना संकलन कार्यटोली

क्र सं	नाम र पद	जिम्मेवारी
१	श्री दल बहादुर धामी	संयोजक
२	श्री भारत बहादुर धानुक	सदस्य
३	श्री नर बहादुर विष्ट	सदस्य

सूचना संकलन कार्यटोलीको गठनसंगै कार्यशाला समापनको लागि परामर्शदाता टोलीको तर्फबाट धन्यबाद सहित फ्लोर नगरपालिकालाई हस्तान्तरण गरिएको थियो । समापनका अवसरमा नगरपालिकाका प्रमूख श्री रण बहादुर कुँवर ले यस कार्ययोजनाको तर्जुमाबाट नगरपालिकाको आन्तरिक आय वृद्धिमा ठोस सुधारको अपेक्षा गर्दै सहभागि सबैलाई धन्यबाद व्यक्त गर्नु भएको थियो ।

१.५.४ तथ्यांक/सूचना संकलन

पुर्चौडी नगरपालिकाका विभिन्न शाखाहरू तथा सरोकारवाला पक्षहरूसंग छलफल, अन्तरकृया, स्थलगत अवलोकन एबम् प्रकाशित अप्रकाशित प्रतिवेदनहरुबाट आवश्यक सूचनाहरू संकलन गरिएको थियो । यसका अलावा तथ्यांक संकलन कार्यटोलीले समेत आवश्यक तथ्यांकहरू संकलन गरी परामर्शदाता टीमलाई उपलब्ध गराएको थियो । अध्ययनका क्रममा संकलन गरिएका क्षेत्रगत तथ्यांक एवं सूचनाहरू देहाय बमोजिम रहेका छन् ।

- राजस्व प्रशासन सम्बन्धी विवरण
- विगत दुईवर्ष तथा चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- नगरपालिकाको वस्तुगत विवरण
- कर्मचारी विवरण तथा संगठन संरचना
- आन्तरिक आयको स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण
- आन्तरिक आय संकलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्यांक तथा सूचना

१.५.५ तथ्यांक विश्लेषण तथा कार्ययोजनाको मस्यौदा प्रतिवेदन तयारी

कार्यशाला, समूहगत छलफल र स्थलगत भ्रमण तथा सन्दर्भ सामग्रीहरुको अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरूको प्रयोग गरी विश्लेषण गरिएको छ । यसरी गरिएको विश्लेषणको आधारमा राजस्व सुधार कार्य योजनाको प्रारम्भिक मस्यौदा तयार पारिएको थियो ।

१.५.६ मस्यौदा प्रतिवेदन पेश

राजस्व सुधार कार्ययोजनाको मस्यौदा उपर नगरपालिकाबाट आवश्यक सुझाव तथा सल्लाह प्राप्त गर्नका लागि मस्यौदा प्रतिबेदन नगरपालिकामा समक्ष पेश गरिएको थियो । नगरपालिकाबाट प्राप्त सुझाव समेतका आधारमा परिमार्जन गरिएको मस्यौदालाई परामर्श कार्यशालामा प्रस्तुत गरिएको थियो ।

१.५.७ परामर्श कार्यशाला गोष्ठी

प्रतिबेदनको परिमार्जित मस्यौदा प्रस्तुत गरी सुझाव प्राप्त गर्न नगरपालिकासँगको समन्वयमा २०७८/०३/१३ गते परामर्श कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशाला गोष्ठी नगरपालिकाका उपप्रमुख एवं श्री ऐर बमको अध्यक्षतामा सञ्चालन भएको थियो । गोष्ठीमा नगरकार्यपालिकाका सदस्य तथा कर्मचारीहरुको समेत उपस्थिति रहेको थियो । कार्यशालामा मस्यौदा प्रस्तुत गरीएको र प्रतिबेदनका विषयबस्तु माथि विस्तृत छलफल गरी राय सुझाव संकलन गरिएको थियो ।

१.५.८ अन्तिम प्रतिवेदन तयारी

कार्ययोजनाको मस्यौदामा नगरपालिकाबाट प्राप्त सुझाव र मिति २०७८/०३/१३ गते आयोजित परामर्श कार्यशालाबाट गोष्ठीबाट प्राप्त सुझाव समेतका आधारमा मस्यौदा प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समेत सुझाव समावेश गरी यो अन्तिम प्रतिबेदन तयार गरी पेश गरिएको छ ।

१.६ अध्ययनको सीमा

नगरपालिकाको राजस्व सुधार कार्य योजनाको क्षेत्र व्यापक रहेको भएता पनि सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, समयको सिमितता जस्ता कारणले यस अध्ययन प्रतिवेदनका केही सीमाहरू रहेका छन् । त्यस्ता सीमाहरु निम्नानुसार रहेका छन्ः

- कोभिड १९ को प्रकोपको समयमा यो अध्ययन कार्य गर्नुपरेकोले प्रत्यक्ष रुपमा स्थलगत अध्ययनमा धेरै समय दिन सम्भव भएन । यसका बाबजुद पनि आवश्यक पर्ने अभिलेखहरु छोटो समयको स्थलगत भ्रमण, नगरपालिकाको वेवसाइट, प्रमुख प्रशाकीय अधिकृत तथा सुचना प्रविधि अधिकृत मार्फत भर्चुयल बैठकबाट संकलन गरि योजना तथा कार्यक्रम तयार गरिएको थियो ।
- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई आधार मानी गरिएको छ। यसका अतिरिक्त नगरपालिकाका सम्बन्धित जानप्रतिनिधिहरू, कर्मचारीहरू तथा अन्य सरोकार पक्षहरूसंग भएको छलफलहरुबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- नगरपालिकाकाको आन्तरिक आय तथा स्रोत परिचालन सम्बन्धी अध्ययनको लागि उपलब्ध गराइएका फाराम अनुसार प्राप्त तथ्याङ्कहरू, कार्यालयका अभिलेखहरु तथा केहि स्थलगत अध्ययनबाट संकलन गरिएको छ । भने तथ्याङ्क संकलनको लागि विस्तृत स्थलगत सर्भेक्षण भएको छैन ।
- नगरपालिकाकाको जनसंख्या तथा आर्थिक गतिविधिमा हुने परिवर्तन, नगरपालिकाकाको सेवामा हुने परिवर्तन, नागरिक संन्तुष्टिमा हुने परिवर्तन, मूल्यांकन दरमा हुने परिवर्तन तथा राजस्वका दरको पुनरावलोकन आदि क्रियाकलापहरूले भविष्यको राजस्व संकलनमा असर गर्ने भएता पनि यी तथ्याङ्कहरू उपलब्ध नभएकोले आय प्रक्षेपणमा आधार लिन सकिएको छैन ।

परिच्छेद - २

नगरपालिकाको संक्षिप्त परिचय

२.१ पुर्चौडी नगरपालिकाको संक्षिप्त परिचय

पुर्चौडी नगरपालिका सुदुर पश्चिम प्रदेशको बैतडी जिल्लामा अवस्थित रहेको छ । जिल्लाको सदरमुकाम बैतडी देखि १०० कि.मि टाढा उत्तर तर्फ रहेको यस नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनैतिक र सामाजिक महत्व र विशेषता बोकेको छ । यस नगरपालिकाको पूर्वमा बझांग जिल्ला रहेको छ भने दक्षिणमा बैतडी जिल्लाकै सिगास र सुर्नाया गाउँपालिका रहेको छ । त्यसैगरि पश्चिममा दोगडाकेदार गाउँपालिका रहेको छ भने डिलाशैनि गाउँपालिकाले यस नगरपालिकाको पश्चिम र उत्तर तर्फको सिमाना छोएको छ । १९८.५२ वर्ग कि.मी फैलिएको यस नगरपालिकामा जम्मा १० वटा वडा रहेका छन् । प्राकृतिक तथा धार्मिक दृष्टिकोणले महत्वपूर्ण यस नगरपालिका पर्यटकीय हिसाबले पनि महत्वपूर्ण रहेको छ । व्यपारिक दृष्टिकोणले यस नगरपालिको पश्चिम सिमानामा रहेको भारतको उत्तराखंडको पिथोरागढ मूख्य व्यपारिक नाकाको रुपमा रहेको छ ।

पालिकाको आ.ब.२०७६/०७७को सर्भेक्षण अनुसार यस नगरपालिकाको कुल जनसंख्या ३८३६० रहेको छ भने कुल घरधुरी संख्या ५७८७ रहेको छ ।यस पालिकामा क्षेत्री २७८०७, तथा ब्राम्हन ३९६७ तथा दलित ६५८६ जनसंख्या रहेको छ भने नगरपालिकामा विशेष गरि डोटेली भाषा चलन चल्तिमा रहेको छ । तलको तालिका ३ मा पुर्चौडी नगरपालिको जनसंख्या विवरण देखाईएको छ ।

तालिका नं. ३ पुर्चौडी नगरपालिको विवरण (२०६८को तथ्यांक अनुसार)

क्र.स	विवरण	जम्मा
१.	जनसंख्या	३८३६०
२.	घरधुरी	५७८७
३.	महिला	१९०००
४.	पुरुष	१९३६०
५	जन घनत्व	१९३.२२

श्रोतः पालिकाको आ.ब.२०७६/०७७को सर्भेक्षण

२.२ मानव संसाधन

हाल यस नगरपालिकाको नगर कार्यपालिकामा देहाय अनुसार शाखा र १० वटा वडाहरुमा वडा कार्यालयहरु रहेका छन् ।

१. प्रशासन शाखा
२. योजना तथा प्राविधिक शाखा
३. वातावरण शाखा
४. राजश्व परिचालन शाखा
५. सामाजिक विकास शाखा
६. लेखा शाखा
७. सूचना तथा सञ्चार शाखा
८. शिक्षा शाखा
९. स्वास्थ्य शाखा
१०. कृषि तथा पुश विकास शाखा
११. कानुन शाखा

२.२.१. कर्मचारी विवरण

यो प्रतिवेदन तयार पार्दाका बखत नगर कार्यपालिकामा रहेका मुख्य शाखाहरुमा स्वीकृत दरवन्दी , रिक्त दरवन्दी र पदपूर्तिका लागि अनुरोध गरिएको पद संख्या विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४ पालिकामा स्वीकृत दरवन्दी र रिक्त दरवन्दीको अवस्था

क्र.सं.	पद	तह	सेवा	स्वीकृत दरवन्दी	रित्त दरबन्दी	निजामती सेवाबाट समायोजन	पदपूर्तिका लागि अनुरेध गरिएको पद सख्या
१	प्रमुख प्रशासकीय अधिकृत	१०	प्रशासन	१	१	०	१
२	अधिकृत	९/१०	शिक्षा	१	१	०	१
३	सि.डि.ई.	९/१०	इन्जि.	१	१	०	१
४	अधिकृत	७/८	प्रशासन	१	१	०	१
५	लेखा अधिकृत	७/८	प्रशासन	१	१	०	१
६	अधिकृत	७/८	शिक्षा	१	०	१	०
७	जन स्वास्थ्य अधिकृत	७/८	स्वास्थ्य	१	१	०	१

८	पशु विकास अधिकृत	९/१०	कृषि	१	१	०	१
९	प.स्वा.प्रा.	५	कृषि	२	२	०	२
१०	प.से.प्रा.	५	कृषि	१	१	०	१
११	ना.प.स्वा.प्रा.	४	कृषि	२	२	०	२
१२	ना.प.से.प्रा.	४	कृषि	२	२	०	२
१३	कृषि विकास अधिकृत	७/८	कृषि	१	१	०	१
१४	प्रा.स.	५	कृषि	२	१	१	१
१५	ना.प्रा.स.	४	कृषि	१	१	०	१
१६	इन्जिनियर	६	इन्जि.	१	१	०	१
१७	अधिकृत	६	प्रशासन	२	२	०	२
१८	आ.ले.प. अधिकृत	६	प्रशासन	१	१	०	१
१९	प.हे.न.	५/६	स्वास्थ्य	१	०	१	०
२०	हेल्थ असिस्टेन्ट	५/६	स्वास्थ्य	१	०	१	०
२१	सहायक	५	प्रशासन	५	५	०	५
२२	लेखापाल	५	प्रशासन	१	१	०	१
२३	कम्प्यूटर अपरेटर	४	विविध	१	१	०	१
२४	प्रा.स.	५	शिक्षा	१	०	१	०
२५	सव-इन्जिनियर	५	इन्जि.	२	२	०	२
२६	महिला विकास निरीक्षक	५	विविध	१	१	०	१
२७	अमिन	४	इन्जि.	१	१	०	१
२८	सहायक	४	प्रशासन	२	०	२	०
२९	स.ले.पा.	४	प्रशासन	१	१	०	१
३०	सहायक महिला विकास निरिक्षक	४	विविध	१	१	०	१
	जम्मा			४१	३४	७	३४
	१० वटा वडा कार्यालय तर्फ						
१	सहायक	५ औं	प्रशासन	४	४	०	४
२	सव-इन्जिनियर	५ औं	इन्जि.	१	१		१
३	सहायक	चौथो	प्रशासन	६	६	०	६

४	अ. सव-इन्जिनियर	चौथो	इन्जि.	१०	०	०	०
५	मुखिया	तृतीय	प्रशासन		०	०	०

प्रतिवेदन तयार पार्दाका बखत नगर कार्यपालिकामा रहेका मुख्य शाखाहरुमा कार्यरत कर्मचारीहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ५ कर्मचारीहरुको विवरण

क्र.स.	नाम	पद
१.	वीर बहादुर नेपाली	प्रमुख प्रशासकीय अधिकृत
२.	प्रविन धानुक	सूचना तथा संचार प्रविधि अधिकृत
३.	बिनोद कुमार कुँवर	स्वाथ्य संयोजक
४.	लाल बहादुर साँउद	इन्जिनियर
५.	अनुग्रा ठगुन्ना	सि.अ.न.मी अधिकृत छैटाै
६.	मिन बहादुर महरा	राेजगार संयोजक
७.	नन्दराज पन्त	ना.सु
८.	कुबेर चन्द	सव इन्जिनियर
९.	लाल बहादुर बुढा	सव इन्जिनियर
१०.	दल बहादुर धामी	लेखापाल
११.	तिज बहादुर वली	कृषी प्रमुख
१२.	दिनेश नागारी	शिक्षा संयोजक
१३.	उत्तम बहादुर बिष्ट	खरिदार
१४.	कर्ण बहादुर बम	खरिदार
१५.	पृथ्वीराज पन्त	खरिदार
१६.	राजेन्द्र बहादुर धानुक	खरिदार
१७.	शेर सिंह साउद	अमिन
१८.	भारत बहादुर धानुक	कम्प्युटर अपरेटर
१९.	नर बहादुर बिष्ट	एम.आइ.एस अपरेटर
२०.	हेम बहादुर बडू	खरिदार
२१.	हरिश बहादुर धामी	एम.आइ.एस अपरेटर
२२.	दिनेश धनुषे	फिल्ड सहायक
२३.	रेखा कुमारी कुँवर	पशु सेवा प्राबिधिक

क्र.स.	नाम	पद
२४.	लोक बहादुर धामी	MSNP सहजकर्ता
२५.	सुरेन्द्र बहादुर बोहोरा	कार्यालय सहयोगी
२६.	अम्मर राज जोशी	कार्यालय सहयोगी
२७.	नविन धनुषे	कार्यालय सहयोगी
२८.	जानकी भण्डारी	कार्यालय सहयोगी

२.३ भौतिक सम्पत्ति

विकास पूर्वाधार: २ वटा वडा कार्यालय बाहेक सबै वडामा सडकको पहुच पुगेको, १० वटै वडा कार्यालयको आफ्नै भवन निर्माण कार्य सम्पन्न भएको, नगर कार्यपालिकाको आफ्नो भवन निर्माणधिन अवस्थामा रहेको ले भाडाको भवनमा कार्यालय संचालन गरेको ।नगरपालिका संचालनको लागि आवश्यक फर्निचर, कम्प्युटर तथा अन्य उपकरण आवश्यक मात्रामा भएको साथै पालिकामा रहेका सवारीसाधन निम्न मात्रामा रहेको पाइयो।

सवारी साधनको विवरण :

क्र.स.	सवारी साधन	संख्या	अवस्था
१.	दुई पाङ्ग्रे (मोटरसाइकल/स्कुटर)	१२	चालु
२.	चारपाङ्ग्रे (जीप/कार/भ्यान)	१	चालु
३.	एक्साभेटर	१	चालु
४.	ट्रिपर	१	चालु

2.4 धार्मिक स्थलहरु

तालिका नं. ६ नगरपालिकामा रहेका धार्मिक तथा सास्कृतिक स्थानहरु

वडा नं.	धार्मिक स्थलहरु
वडा नं. १	त्रिवेणी धाम, भौनेली मन्दिर, महादेव मन्दिर डिगाकोट,राताशिला मन्दिर,शिव मन्दिर कोपिखेत
वडा नं. २	मड मन्दिर, पहरौल मन्दिर, विन्देश्वरी धाम, शिवपुरी धाम, समैजी मन्दिर, डाँडा बाग मन्दिर

वडा नं. ३	न्वादेउ, महादेव, कालापाटा, निमनझड, विडश्वर, दुर्गेश्वरी गुफ, दुर्गा मन्दिर, समैजी मन्दिर, काफली
वडा नं. ४	मल्लीका महादेव, बेवर मन्दिर, न्वादेउ, दुर्गा मन्दिर, पहरोल मन्दिर, ढुल्लागाडा,पनेरुकोट
वडा नं. ५	काडाँमहादेव, भुमिराज गाडा भौनेली, देवघर, मष्ठा, डाँका माणौ, खौला, अजपती, विण मन्दिर, दुर्गा मन्दिर, भणली माणौ, सुन्चणी, अटयाल मन्दिर, वठेवाला मन्दिर,लाटा मन्दिर,दुर्गा माणौ, भौनेली,दुर्गा मन्दिर ताल, दाङ मन्दिर,खेतिखाना,वाजाकी माणौ
वडा नं. ६	महादेव मन्दिर, दुर्गा मन्दिर, भुमिराज मन्दिर, मसानी, अट्याल, दिगाकोट
वडा नं. ७	डिलाशैनी ,गुफा केदार, गलीनाथ, अमरशाहि, कैलपाल, महादेव मन्दिर, भैनेली, जाखलदेवी
वडा नं. ८	भगवती मन्दिर,केदार माणौ, भौनेली माणौ, दडमेता समैजी, भौनेली लामनी, मडेता माणौ
वडा नं. ९	डिलाशैनी भगवती ,डाडाँवाग, भन्टोले, झर्कोट, श्रीकेदार ,लाटो मन्दिर
वडा नं. १०	भुमिराज डाडाँवाग, लटिनाथ, कैलपाल, मौलिङ्गा, रौलेश्वर केदार, गुफकेदार

परिच्छेद - ३

राजश्व अधिकार र आय सम्भावना विश्लेषण

३.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधान २०७२ ले नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तिन तहको व्यवस्था गरे सँगै राज्यशक्तिको बाँडफाँड गरि गाउँपालिका तथा नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन , २०७४ ले करको विद्धमान संरचना एवम् संचालन बारेमा नगरपालिकालाई मार्गदर्शन गरेको अवस्था रहेको छ । यो ऐनले नगरपालिकाहरूले लिन पाउने कर, दस्तूर एवं शुल्कको किसिम, दर एवम् दायरा निश्चित गरेको छ साथै यस ऐनले कानून बमोजिम बाहेक नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्र कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था गरेको छ ।यस ऐनले निर्धारण गरेको परिधिभित्र रही नगर परिषद्वाट अनुमोदन गराई नगरपालिकाले स्थानीय कर, शुल्क एवम् दस्तूरहरू उठाउने गर्दछ ।

नेपालको संविधान, २०७२ को अनुसूची ८ रहेको स्थानीय तहको २२ वटा एकल अधिकार मध्ये राजश्व अधिकार अन्तर्गत देहाय बमोजिमका अधिकार प्रदान गरेको छः

- सम्पत्ति कर
- घर बहाल कर
- घर जग्गा रजिष्ट्रेशन शुल्क
- सवारी साधन कर
- सेवा शुल्क दस्तुर
- पर्यटन शुल्क
- विज्ञापन कर
- व्यवसाय कर
- भूमीकर (मालपोत)
- दण्ड जरिवाना
- मनोरञ्जन कर

स्थानीय सरकार संचालन ऐन, २०७४ ले नगरपालिकालाई देहायका राजस्व अधिकार प्रदान गरेको छः

(क) नगरपालिकाको एकल राजस्व अधिकारः

अ) कर

१. **सम्पत्ति करः** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमीकर (मालपोत) लगाउनु पर्ने व्यबस्था रहेको छ। "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्दछ । (आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ वाट संशोधित ब्यवस्था)

२.**भूमि कर (मालपोत)ः** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमीकर वा मालपोत लगाउने व्यबस्था छ । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन पाइदैन । (आर्थिक ऐन २०७५ वाट संशोधित ब्यवस्था)

३.**घर जग्गा बहाल करः** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा घरजग्गा बहाल कर लगाउन सकिने व्यबस्था छ। (तर खण्ड ६८, संख्या ३, भाग ५, मिति २०७५।१।१० को नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार प्राकृतिक व्यक्तिले आर्जन गर्ने घर बहाल आयमा लाग्ने घर बहाल कर मात्र सम्बन्धित स्थानीय तहले संकलन गर्ने व्यबस्था गरेको छ ।)

४.**व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा स्थानीय तहले व्यबसाय कर लगाउने व्यबस्था रहेको छ ।

५.**सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्धुतिय रिक्सामा स्थानीय तहले सवारी कर लगाउन सक्छ ।

६.**जडिबुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत स्थानीय तहले यस्तो कर लगाउन सक्छ।

आ) शुल्क

- **बहाल विटौरी शुल्कः** आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत स्थानीय तहले बहाल विटौरी शुल्क लिन सक्ने व्यबस्था छ ।
- **पार्किङ शुल्कः** आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत यो शुल्क लगाउन सकिन्छ ।

इ) सेवा शुल्क

स्थानीय तहले उपलब्ध गराउने देहायका सेवामा सेवाशुल्क लगाई उठाउन सक्ने व्यबस्था छ :

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ, कायकिङ, बञ्जी जम्प, जिपप्लायर, प्यारागलाइडिङ आदि मनोरञ्जन तथा साहसीक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा।
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाहगृह, धोविघाट, सडक, वसपार्क, पुल आदि सेवामा ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

ई) दस्तुर

दर्ता, अनुमति तथा नवीकरण दस्तुरः देहायका सेवा उपलब्ध गराए बापत स्थानीय तहले दस्तुर लिन सक्छ :

- एफएम रेडियो संचालन, 'घ÷ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ सेन्टर, औषधि पसल, जग्गा विकास (प्लटिग)
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग
- घरनक्सा पास
- ३५ दिन पछि दर्ता गरिने व्यक्तिगत घटना
- सबै किसिमका सिफारिश तथा प्रमाणित सेवा

उ) **बिक्री गर्न सक्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- नगरपालिकाले आफ्नो क्षेत्रभित्र वाताबरणीय प्रभाव मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

ऊ) **सामुदायिक वनबाट आय प्राप्त गर्ने** (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित ब्यवस्था)

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को उपरोक्त कानूनी व्यबस्था र संघीय वन ऐन २०७६ मा गरिएको सामुदायिक वन सम्बन्धी व्यबस्था एक आपसमा बाझिन गएको अवस्था उत्पन्न भएको छ ।

(ख) प्रदेश तथा संघीय कानून अनुसार प्राप्त हुने (दफा ११ (४))

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नगरपालिकालाई निम्नअनुसार राजस्व अधिकार प्रदान गरेको छः

(अ) एकल कर प्रशासन सम्वन्धी ब्यवस्था (आर्थिक ऐन २०७५ वाट संसोधित ब्यवस्था)

(क) सवारी साधन कर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन कर नगरपालिकाले लगाउने र उठाउने ।

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले निर्धारण गर्ने र नगरपालिकाले उठाउने ।

(ग) मनोरंजन करको दर प्रदेशले निर्धारण गर्ने र नगरपालिकाले उठाउने ।

(घ) विज्ञापन कर नगरपालिकाले लगाउने र उठाउने ।

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यबस्था रहेको छ ।

प्रदेशले सवारी साधन कर करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत नगरपालिकालाई बाँडफाँड हुने गर्दछ । यस्तो रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई मासिक रुपमा उपलब्ध गराउनु पर्ने हुन्छ ।

(आ) राजस्व बाँडफाँड

नेपाल सरकारले संकलन गरको मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने व्यबस्था छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम यस्तो रकमको बाँडफाँड हुने गर्दछ । यस्तो रकम स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने व्यबस्था छ । प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी समेत आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशतले हुने रकम बाँडफाँड गरिन्छ । यस्तो रोयल्टी स्थानीय तहलाई बार्षिक रुपमा प्राप्त हुने व्यबस्था छ ।

(इ) अनुदान

- **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **सशर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **समपूरक अनुदानः** पूर्वाधार बिकास सम्बन्धि कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने ।
- **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने ।

(ई) वैदेशिक सहायता तथा आन्तरिक ऋण

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएरमात्र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेको सिमा भित्र आन्तरिक ऋण लिन सक्ने ।
- स्थानीय तहले नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त कानूनी व्यवस्था बमोजिम स्थानीय तहले राजस्व अधिकारको उपयोग गर्दा कानून बमोजिम वाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने ब्यवस्था हुनुका साथै निम्न अनुसारका थप ब्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने संवैधानिक ब्यवस्था रहेको ।
- कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट संचालित परियोजनावाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्रमा कर नलाग्ने ।
- सेवा शुल्क असुली कार्य आफै वा ब्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने।

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

माथि उल्लिखित राजस्व अधिकार सम्बन्धी कानूनी व्यबस्थाका आधारमा यस नगरपालिकाको सम्भाव्य आय शिर्षकहरूको परिचालनको अवस्था विश्लेषण गरिएको छ । यस अन्तर्गत नगरपालिकामा सम्भावना भएका आय शिर्षकहरूको सम्भाव्यता, दर निर्धारण र संकलनको अवस्थालाई देहाय बमोजिम पहिचान गरिएको छ :

तालिका नं. ७ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

क्र.सं.	आयका शिर्षक	सम्भावना	दर निर्धारण	संकलन
क.	करतर्फ			
१	भूमि कर (मालपोत)	छ	छ	भएको
२	सम्पत्ति कर	छ	छ	भएको

३	सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)		छैन	नभएको
४	घर जग्गा बहाल कर	छ	छ	भएको
५	व्यवसाय कर	छ	छ	भएको
६	जडीबुटी, कवाडी र जीवजन्तु कर	छ	छ	नभएको
७	विज्ञापन कर	छ	छ	नभएको
ख.	**गैरकर**			
१	ढुंगा, गिट्टी, बालुवा, एवम् माटोजन्य वस्तुको बिक्री	छ	छ	नभएको
२	काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर बिक्री	छ	छ	नभएको
३	सामुदायिक वन पैदावार बिक्री	छ	छ	नभएको
४	नक्सापास दस्तुर	छ	छ	भएको
५	व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर	छ	छ	भएको
६	बहाल विटौरी शुल्क	छ	छ	नभएको
७	पारकिंग शुल्क	छ	छ	नभएको
८	फोहरमैला व्यवस्थापन शुल्क	छ	छ	नभएको
९	स्थानीय खानेपानी महसुल	छैन	छैन	नभएको

१०	स्थानीय विद्धुत महसुल	छैन	छैन	नभएको
११	मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क (केवलकार, ट्रेकिंग , कायाकिंग, वन्जीजम्प, जिपफलायर, प्यारागलाईडिंग आदि)	छ	छैन	नभएको
१२	निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (अतिथि गृह, सभागृह, सडक वत्ति, शौचालय, पार्क, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, वसपार्क आदि)	छ	छ	नभएको
१३	मूल्यांकन सेवा शुल्क	छ	छ	नभएको
१४	दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विध्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म (आंशिक)	छ	छ	नभएको
१५	ढुँगा, गिट्टी, बालुवा, माटो, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क	छ	छ	नभएको

१६	सिफारिस तथा प्रमाणित दस्तुर	छ	छ	भएको
१७	दण्ड जरिवाना	छ	छ	भएको

प्रस्तुत तालिकामा विद्यमान कानुनी प्रावधान अनुसार नगरपालिकाले लिन पाउने कर तथा गैरकरहरुको आधारभूत अवस्था शीर्षकगत रुपमा प्रस्तुत गरिएको छ ।

तालिका अनुसार करतर्फ ७ शीर्षक र गैरकरतर्फ १७ शीर्षकमा आन्तरिक आयको विद्यमान अवस्था विश्लेषण गरिएको छ । यस तालिका अनुसार नगरपालिकाले लिनसक्ने सात किसिमका कर मध्ये नगरपालिकाका सम्बन्धित कर्मचारीहरूसँगको छलफल, स्थानीय तहको भ्रमण तथा नगरपालिकाका दस्तावेजहरूको अध्ययनका आधारमा ६ किसिमका करहरु संकलनको सम्भावना रहेको देखिन्छ । तत्काल संभावना नदेखिएको सवारी साधनहरुको पनि दर निर्धारण गरिएकोले ६ किसिमका करको दर निर्धारण भएकोमा ४ किसिमका शीर्षकबाट मात्र राजस्व संकलन भएको देखिन्छ ।

गैरकरतर्फका राजस्वका १७ शीर्षक मध्ये १५ शीर्षकमा संकलनको सम्भावना भएको पाइए पनि १४ शीर्षकको दर निर्धारण भएको र ४ वटा शीर्षकहरुबाट मात्र राजस्व संकलन भएको पाइएको छ ।

३.३ आन्तरिक राजस्वका प्रमुख क्षेत्र र सम्भावना

३.३.१ कर राजस्व

क. सम्पत्ति कर

<u>हालको अवस्थाः</u> नगरपालिकाले २०७५ देखि एकीकृत सम्पत्ति कर कार्यान्वयनमा ल्याएको छ । नगर पालिकाको आर्थिक ऐन २०७६ ले घरसंरचना र स्वो घरसंरचनाले चर्चेको जग्गामा सम्पत्ति कर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन दर कायम गर्दा व्यापारिक क्षेत्रको जग्गाको सबैभन्दा बढी रु. १००० बार्षिक आम्दानी रु २०लाखा भन्दा माथि आय भएकालाई र सबैभन्दा कम रु.१०० बार्षिक आम्दानी रु. १ लाख सम्म भएकालाई निर्धारण गरेको छ ।

नगरपालिकाले एकीकृत सम्पत्ति कर बापत गत आ.व.२०७६/०७६ राजस्व संकलन गरेको देखिदैन

<u>सम्भाव्यताः</u>

पुर्चौडी नगरपालिकाले तयार परेको वस्तुगत विवरण अनुसारको कुल घरधुरी संख्या ५७८७ भएको र हालको कानूनी व्यबस्था अनुसार घर तथा घरले चर्चेको जग्गाको मात्र सम्पत्ति कर लिन सकिने भएकोले संभाव्यता गणना गर्दा सम्पूर्ण घरधुरी मध्ये करिब ५० प्रतिशत अर्थात २८९३ घरधुरीलाई करको दायरामा ल्याउन सकिने अनुमानका आधारमा सम्पत्ति करमा २८९३ करदाता रहने अनुमान गरिएको छ । हाल नगरपालिकाले विगतको एकीकृत सम्पत्ति कर सम्बन्धी व्यबस्था नै सबै जग्गा र घरमा सम्पत्ति कर लिने गरेको कारण करदाताले न्यूनतम रु १०० देखि अधिकतम रु १००० सम्म कर तिर्ने गरेको पाइन्छ । तर अव उप्रान्त घर र घरले चर्चेको जग्गाको मात्र सम्पत्ति कर लिन पाइने हुँदा प्रति करदाता औषत रकममा व्यापक कमी आउने देखिएकोले औषत करदाता रु २०० का दरले रु. ५७८ हजार रकम संकलनहुने अनुमान गरिएको छ ।

<u>सुधारका पक्षहरूः</u>

- आर्थिक ऐन संसोधन गरि सम्पति कर र भूमि कर छुट्याउनु पर्ने ।
- सबै वडा मा घर न. वितरण गर्नु पर्ने ।
- करदातालाई करको दायरामा ल्याउनका लागि करदाता जनचेतना कार्यक्रम संचालन गर्नु पर्ने ।
- घर कायम नभएका हकमा आवश्यक प्रक्रिया पुरा गरी घर कायम गर्ने ।
- घर कायम गर्नका लागि नक्सापास अनिवार्य गर्ने ।

ख. भूमि कर (मालपोत)

<u>हालको अवस्थाः</u> पुर्चौडी नगरपालिकाको आर्थिक ऐन,२०७६ ले सम्पत्ति कर लगाउने भनी तोकिएको जग्गा बाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउने व्यवस्था गरेको छ । भूमीकर (मालपोत) लिंदा सम्पत्ति कर प्रयोजनका लागि कायम भएको जग्गाको मूल्य र करको दरका आधारमा लिने गरिएको छ । नगरपालिकाले करदाताबाट सम्पत्ति कर र भूमीकर (मालपोत) भनी एउटै विल/रसिद दिने गरेको भए पनि भूमीकर (मालपोत) र सम्पत्ति कर लाग्ने जग्गाको क्षेत्रफल छुट्याई कर लिने गरेको छैन ।

<u>सम्भाव्यताः</u>

पुर्चौडी नगरपालिकामा नीजि स्वामित्वको जग्गा सम्बन्धी एकीन विबरण उपलब्ध छैन । मालपोत कार्यालयबाट पनि यस्तो विबरण उपलब्ध हुन सकेन । नगरपालिकाको वस्तुगत विवरण अनुसार घरधुरी संख्या ५७८७ देखिएको भए पनि कतिपय करदाताको घरधुरी अलग देखिए पनि जग्गा र घरको स्वामित्व एकै व्यक्तिको नाममा रहेको र कतिपय करदाताको सम्पत्ति कर लाग्ने बाहेक

मालपोत लाग्ने जग्गा नहुने समेत सम्भावनालाई ध्यानमा राखी कुल मालपोत करको करदाता संख्या २८९३ अनुमान गरिएको छ । साथै प्रति करदाता औसत रु १०० का दरले रु. २८९३०० रकम संकलन हुने अनुमान गरिएकोछ ।

सुधारका पक्षहरूः

- आर्थिक ऐन २०७६ लाई परिमार्जन गरि एकीकृत सम्पति करको सट्टामा सम्पति कर र भूमि (मालपोत) कर छुट्टा छुट्टै लगाउने प्रावधान गर्ने ।
- मालपोत कार्यालयबाट तथ्यांक संकलन गरेर अथवा मालपोत कार्यालयसँगको समन्वयमा नयाँ नापी गरेर भूमिसम्बन्धी यकीन र विस्तृत तथ्यांक कायम गर्ने ।
- सडकहरुको नक्साङ्कन, नामकरण र लगत कट्टाको व्यवस्था गर्ने ।
- सम्पत्ति करमा दर्ता भएका करदाताको विवरणहरू व्यवस्थित रुपमा अभिलेखीकरण गर्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- आर्थिक ऐन परिमार्जन गरी भूमिकर र सम्पत्ति कर अनिवार्य रुपमा एकैपटक उठाइने कानुनी व्यबस्था गर्ने ।
- भूमिकर लाग्ने जग्गाको मूल्यांकनमा आवश्यकता अनुसार परिमार्जन गर्ने ।

ग. घरजग्गा वहाल कर

यस नगरपालिका क्षेत्रभित्र व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पच, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहालमा दिएको कुल रकमको १० प्रतिशतको दरले वहाल कर लगाईने व्यवस्था अनुसार वहाल कर असुली गर्दै आइरहेको छ ।

हालको अवस्थाः

पुचौड़ी नगरपालिकाको आर्थिक ऐन २०७६ कार्यान्वयनमा आएपछि घरजग्गा वहाल कर वापत आ.ब. २०७६/७७ मा कुल रु. ४७५५ संकलन भएको देखिन्छ भने आगमी आ.ब.मा रु **१५६०००** अनुमान गरेको देखिन्छ ।

तालिका नं. ८ घरजग्गा वहाल करको सम्भाव्यता विश्लेषण

क्रसं	प्रयोजनका आधारमा बहालमा बस्ने	कुल संख्या	बहालमा बस्ने		वार्षिक भाडा रकम(ग)	घर बहाल कर (घ)

			अनुमानित संख्या (क)	मासिक औषत अनुमानित भाडारकम(ख)	क X ख X १२	(घ)को प्रतिशत*
१	बैंक	१	१	१००००	१२००००	१२०००
२	होटेल तथा रेष्टुरेन्ट	१०	१०	३०००	३६००००	३६०००
३	घरायसी प्रयोजनमा बस्नेहरु	३०	३०	२०००	७२००००	७२०००
४	अन्य व्यवसायहरु	१०	१०	३०००	३६००००	३६०००
जम्मा		**५१**	**५१**			**१५६०००**

माथिको तालिकाको विश्लेषण अनुसार **१५६०००** बहाल कर उठ्न सक्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः

- घर बहाल कारलाई व्यवस्थितरुपमा लागु गर्नका लागि घर बहाल कर व्यवस्थापन कार्यविधि तयार पारि कार्यन्वयन गर्ने ।
- लगत विवरण संकलन गर्ने ।
- करदाता पहिचान गर्ने ।
- घर धनि र बहालमा बस्ने दुबैलाई बहाल करको बिषयमा जानकारी गराउने ।

घ. व्यवसाय कर

हालको अवस्थाः पुचौड़ी नगरपालिका आर्थिक ऐन २०७६ अनुरुप यस नगरपालिकाले आफ्नो क्षेत्र भित्र व्यवसाय दर्ता तथा नवीकरण सुल्क लगाउदै आएको छ ।यस नगर पालिकाले पुजीगत लगानी र आर्थिक कारोवारको आधारमा पुचौड़ी नगरपालिका आर्थिक ऐन २०७७ को अनुसूची ४ अनुसार वार्षिक व्यवसाय कर निर्धारण गरेको छ ।

पुचौड़ी नगरपालिकाले आ.ब. २०७६६/०७७ मा कुल रु. ७४५९२० रकम संकलन भएको देखिन्छ ।भने चालु आ.व. २०७७/७८ मा व्यवसाय कर बापत रु ८ लाख रकम संकलन हुने अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः

- नगरपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण/लगत संकलन गर्ने ।

- ऐनले व्यवस्था गरेअनुसारका सबै व्यवसायलाई नगरपालिकामा दर्ता गराउने तथा नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नको लागि नगरपालिकावाट अनिवार्य रुपमा व्यवसाय संचालन इजाजत पत्र लिनुपर्ने व्यवस्था ।
- बजार अनुगमन गर्ने, कार्यका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना(क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- गर्ने ।
- लगानी र आर्थिक कारोवारको आधारमा दर्ता शुल्क र वार्षिक कर निर्धारण गर्ने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यससम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रुपमा स्थापित गर्ने । जस्तै— अधिकतम कर तिर्ने उपभोक्तालाई पुरस्कृत गर्ने ।
- करको दायरामा नआउनेलाई जरिवानाको व्यवस्था पर्ने ।
- प्रभावकारी रुपमा व्यवसाय कर संकलनका लागि आन्तरिक राजस्व कार्यालय, घरेलु तथा साना उद्योग
- कार्यालय तथा उद्योग वाणिज्य संघ आदि कार्यालयहरूसँग आवश्यक सहयोग र समन्वय गर्ने । जस्तै आन्तरिक राजस्व कार्यालयले व्यवसाय संचालनका लागि VAT तथा PAN दर्ता एवं नवीकरण गर्दा स्थानीय निकायको व्यवसाय कर चुक्ता अनिवार्य गरिदिएमा कर संकलन प्रभावकारी हुनेछ।

ङ. जडीबुटी, कवाडी, जीवजन्तु कर

<u>हालको अवस्थाः</u> पुचौड़ी नगरपालिका भित्र कुनै पनि व्यक्ति वा सस्थाले घर पालुवा जनावरको निकासीमा तथा जडिबुटी, खोटो, वनकस, कवाडीमाल, ऊन र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेक अन्य मृत वा मारिएका जीवजन्तुको हाड़छाला, सिंग खुर प्वाखजस्ता वस्तुको व्यावसायीक कारोवार गरेमा पुचौड़ी नगरपालिका आर्थिक ऐन २०७६ को अनुसूची ४ बमोजिमको कर लगाउने प्रावधान रहेको छ ।

<u>हालको अवस्थाः</u> हाल सम्म यस शिर्षकमा रु. १००० रकम उठेको देखिएतापनि चालु आ.व. २०७७/७८ मा कर बापत रु ५० हजार अनुमान गरेको देखिन्छ ।

<u>सुधारका पक्षहरूः</u>

- नगरपालिका क्षेत्रमा संकलन हुने कवाडी मालसामान तथा जडीबुटीको परिमाण एकीन गरी करको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- कवाडी व्यबसाय साथै जडीबुटी व्यबसाय को सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्धारण गरी सम्भाव्य वातावरणीय प्रदूषण नियन्त्रण गर्ने ।

च. सवारी करः

पुचौड़ी नगरपालिका आर्थिक ऐन २०७६ मा सवारी करको व्यवस्था गरेको छैन ।

<u>सम्भाव्यताः</u>

पुचौड़ी नगरपालिका आर्थिक ऐन २०७६ मा संसोधन गरि यस शिर्षकमा करको दर निर्धारण गरि नगर क्षेत्रमा टाँगा, रिक्सा, अटो रिक्सा र ई रिक्साको दर्ता र नवीकरणमा वार्षिक शुल्क निर्धारण गरि पालिकाको आय वृद्धि गर्न सक्ने सम्भावना देखिन्छ।

छ) विज्ञापन कर

पुचौड़ी नगरपालिका आर्थिक ऐन २०७६ को अनुसूची ४ बमोजिमको कर लगाउने प्रावधान रहेको छ । कसैले नगरपालिका भित्रका होडिङ बोर्ड, साईन बोर्ड, पम्पलेट, पोष्टर जस्ता विज्ञापनका सामाग्रीहरु राखेमा वा सवारी साधनमा विज्ञापन गरेमा निम्न बमोजिमको वार्षिक विज्ञापन कर व्यवस्था गरेको छ ।

हालको अवस्थाः विज्ञापन सेवालाई नगरपालिकाले करको दायरा ल्याए पनि हाल सम्म कुनै कर असुली गरेको छैन । हाल नगरपालिकाको मुख्य र सहायक सडकमा धेरै होर्डिङ बोर्ड रहेको र प्रत्यक पसल तथा होटेलहरु अगाडी धेरै होर्डिङ बोर्ड प्रयोगमा देख्न सकिन्छ ।

सम्भावनाः सबै उध्योग तथा व्यवसाय सन्चाल गर्ने र नगरपालिकाको क्षेत्रम विज्ञापन सेवा लिने कर्ता पहिचान गर्ने करको दायरामा ल्याउने सक्ने प्रवल सम्भावना रहेको छ ।आगामी आ.ब.मा यस शिर्षकमा रु ५० हजार अनुमान गरिएको छ ।

सुधारका पक्षहरू

- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- सबै विज्ञापनलाई करको दायरामा आउने विषय सुनिश्चित गर्ने साथै विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाउने ।

- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।

३.३.२ गैरकर राजस्व

क) बहाल बिटौरी शुल्क

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले पालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल बिटौरी शुल्क लगाउन पाउने व्यवस्था गरेको छ । उक्त ऐनको आधारमा नगरपालिकाको आर्थिक ऐन २०७६ को अनुसूची ४ अनुसार आर्थिक वर्ष २०७६/०७७ देखि लागु हुने गरि बहाल बिटौरी शुल्क लगाइने व्यवस्था गरेको छ ।

हालको अवस्था र सम्भावना : हालको अवस्थामा यस शिर्षकमा दर निर्धारण गरे पनि राजस्व संकलन भएको देखिदैन ।आगामी आ.ब.मा यस शिर्षकबाट रु १ लाख संकलन हुने अनुमान गरिएको छ ।

<u>सुधारका पक्षहरूः</u>

- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचना सम्बन्धी विस्तृत तथ्यांक संकलन गरि बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी हाट बजार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।
- जमिनको उपयोग अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।

ख) पार्किङ शुल्क

आफ्नो क्षेत्रभित्र सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सकिने कानूनी अधिकारको प्रयोग गर्दै पुचौड़ी नगरपालिकाले आर्थिक ऐन २०७६ को अनुसूची ४

अनुसार हुने उल्लेख गरे पनि दर निर्धारण नगरेको हुनाले यस शिर्षकबाट राजस्व संकलन हुने अनुमान गरिएको छैन ।

सम्भावनाः

नगरपालिका तथा बजार एरियामा आउने सवारीसाधन, विभिन्न चाड पर्व हरुमा लाग्ने मेला तथा हाट बजारमा आउने सवारी साधनहरुको व्यवस्थित पार्किंग व्यवस्थापन गरि थप शुल्क संकलन गर्न सक्ने सम्भावना छ ।

सुधारका पक्षहरूः

- बसपार्कको उपयुक्त स्थानमा व्यवस्थापन गरि पार्किंग सेवा उपलब्ध गराउने ।
- आर्थिक ऐन परिमार्जन गरि सवारीसाधनमा पार्किंग शुल्क निर्धारण गर्ने ।
- पार्किंग शुल्क भुक्तानीको बिधि छनोट गरि कार्यान्वयन गर्ने ।

ग) फोहोर मैला व्यवस्थापन शुल्क

हालको अवस्थाः हालको अवस्थामा फोहरमैला व्यवस्थापन सम्बन्धि पुचौड़ी नगरपालिकालेको आर्थिक ऐन २०७६ मा फोहोर मैला व्यवस्थापन शुल्कको व्यवस्था गरेको छैन ।

सम्भावनाः

शहरीकरणको विकास सँगसंगै फोहोर मैला व्यवस्थापन गर्दै जानुपर्ने कारणले गर्दा आर्थिक ऐन २०७६ मा संसोधन गरि शुल्क निर्धारण गरेर यस शिर्षकबाट राजस्व संकलनको सम्भावना देखिन्छ ।

घ) सिफारिस तथा प्रमाणित दस्तुर

नगरपालिकाले घर जग्गा नामसारी सिफारिस,कृषिपशु समुहदर्ता नविकरण शुल्क, स्थायी बसोवास सिफारिस, नागरिकता सिफारिस ,नागरिकता र प्रतिलिपि सिफारिस, अंगिकृत नागरिकता सिफारिस, आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित, आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित, विद्युत जडान सिफारिस, धारा जडान सिफारिस, जिवित रहेको सिफारिस, दुवै नाम गरेको व्यक्ति, एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस ,जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित, व्यवसाय वन्द सिफारिस, व्यवसाय सञ्चालन नभएको सिफारिस, व्यापार व्यवसाय नभएको सिफारिस, कोट फी मिनाहा सिफारिस, नावालक परिचयपत्र सिफारिस, चौपाया सम्बन्धी सिफारिस गाँउपालिकामा दर्ता वा नविकरण भएका व्यवसाय को सिफारिस,उद्योग ठाउँ सरी सिफारिस,विद्यालय

ठाउँ सरी सिफारिस,आन्तिरिक बसाइँसराई सिफारिस,व्यक्तिगत विवरण सिफारिस,जग्गा दर्ता सिफारिस आदिदासुर जस्ता अन्य सिफारिस तथा प्रमाणित दस्तुर कार्यानयन गर्दै आइरहेको छ ।

हालको अवस्थाः

पुचौड़ी नगरपालिकाले आर्थिक ऐन २०७६ को अनुसूची ४ मा व्यवस्था गरि सिफारिस तथा प्रमाणित दस्तुर लागु गरि उठाउंदै आएको छ ।पुचौड़ी नगरपालिकाले आ.व. २०७६/७७ मा रु १२०१६० रकम संकलन भएको छ भने आगामी आ.व. मा रु. **१५७६८००** को अनुमान गरिएको छ ।

सम्भावनाः

तालिका नं. ९ सिफारिस तथा प्रमाणित दस्तुरको सम्भाव्यता विश्लेषण

प्रमाणित तथा दस्तुरका प्रकारहरु	अनुमानित संख्या	औसतदर (वार्षिक)	सम्भाव्य रकम (रु)
निवेदन तथा सिफारीस दस्तुर	११५७	६००	६९४२००
व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुर	७६८	४००	३४७२००
प्रमाणित दस्तुर	५७८	३००	१७३४००
अन्य दस्तुर	५७८	२००	११५६००
न्यायिक दण्ड जरिवाना र जफत	५८	४००	२३२००
प्रशासनिक दण्ड जरिवाना	५८	४००	२३२००
अन्य विविध आय			२०००००
जम्मा			**१५७६८००**

माथिको तालिका अनुसार गाँउपालिकाको कुल घरधुरी संख्या ५७८७ को आधारमा संख्या निर्धारण गरिएकोछ जस अनुसार निवेदन तथा सिफारीस दस्तुरमा २० प्रतिशत, व्यक्तिगत घटना दर्ता विलम्ब दस्तुरमा १५ प्रतिशत, प्रमाणित दस्तुरमा १० प्रतिसत, अन्य दस्तुरमा १० प्रतिशत,

न्यायिक दण्ड जरिवाना र जफतमा १ प्रतिशत, प्रशासनिक दण्ड जरिवानामा १ प्रतिशत गरिएको छ

<u>सुधारका पक्षहरूः</u> सिफारिस तथा प्रमाणित दस्तुरका सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छः

१. अनलाइन विधिमार्फत सिफारिस तथा प्रमाणित दस्तुरको संकलन गर्ने व्यवस्था गर्ने ।

२. व्यक्तिगत घटना दर्ताका लागि अभियान संचालन गर्ने ।

३. सिफारिस गर्दा शुल्क तिरे नतिरेको यकिन गरेर मात्र सिफारिस गर्ने ।

४. वडाबाट संकलित दस्तुरहरु शिर्षक सहितको विवरण तयार पर्ने ।

५. वडा कार्यालयको बिलिंग प्रणालीलाई पनि कम्युटर सफ्टवेयरमा आधारित बनाउने ।

६. नगरपालिका र वडाको कम्युटर प्रणालीमा नेटवर्किंग गर्ने ।

ङ) पर्यटन स्थल प्रवेश शुल्क

पुचौड़ी नगरपालिकाले आर्थिक ऐन २०७६ को अनुसूची ४ अनुसार हुने उल्लेख गरे पनि दर निर्धारण नगरेको हुनाले यस शिर्षकबाट राजस्व संकलन हुने अनुमान गरिएको छैन ।

<u>सम्भावनाः</u>

पहाडी तथा दुर्गम क्षेत्रमा मा अवस्थित यस नगरपालिकामा पर्यटन स्थल प्रवेश शुल्कको सम्भावना न्यून देखिएको छ।

च) नक्शापास दस्तुर

<u>हालको अवस्थाः</u> पुचौड़ी नगरपालिकालेको आर्थिक ऐन २०७६ मा नक्सा पास दस्तुर उठाउनका लागि व्यवस्था गरि आ.व. २०७६ /०७७ देखि लागुहुने उल्लेख गरिएको छ ।जसमा घर नक्सा पास शुल्क प्रति वर्ग फिट रु. २ आर्थिक ऐन २०७६ को अनुसुची ३ मा तोकेको छ।

<u>सम्भावना</u>:

नगरकार्यपालिकाले नक्शापास दस्तुर निर्धारण गरि कार्यान्वयनमा ल्याएको छ यस शिर्षक बाट आगामी आ.ब.मा रु ५० हजार राजस्व उठने सम्भावना देखिन्छ।

छ) व्यवसाय रजिष्ट्रेशन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

हालको अवस्थार :पुचौड़ी नगरपालिकालेको आर्थिक ऐन २०७६ मा व्यवसाय रजिस्ट्रेसन दस्तुर उठाउनका लागि व्यवस्था गरि आ.व. २०७६ /०७७ देखि लागुहुने उल्लेख गरिएको भएता पनि यस शिर्षकबाट राजस्व संकलन भएको देखिदैन ।

सम्भावना: पुचौड़ी नगरपालिकालेको आर्थिक ऐन २०७६ मा (घ) वर्गको निर्माण व्यावसायी इजाजत पत्र वापत राजस्व को दर निर्धारण गरेता पनि हाल सम्म यस शिर्षकमा दस्तुर संकलन भएको देखिदैन त्यसैले नगर्क्षेत्रम काम गर्ने व्यावसायीहरुलाई व्यवसाय दर्ताका लागि आव्हान गरि रकम संकलन गर्ने सम्भावना देखिन्छ ।

सुधारका पक्षहरूः

- नगरपालिकामा सञ्चालित सबै किसिमका व्यवसायहरुको विवरण/लगत संकलन गर्ने ।
- ऐनले व्यवस्था गरेअनुसारका सबै व्यवसायलाई नगरपालिकामा दर्ता गराउने तथा नगरपालिका क्षेत्रमा व्यवसाय संचालन गर्नको लागि नगरपालिकावाट अनिवार्य रुपमा व्यवसाय संचालन इजाजत पत्र लिनुपर्ने व्यवस्था ।
- व्यावसाय दर्ता अभियान संचालन गर्ने ।

ज) बिक्रीबाट प्राप्त रकम (स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्री)

पुचौड़ी नगरपालिकालेको आर्थिक ऐन २०७६ को अनुसूची ४ मा प्राकृतिक श्रोतको विक्री (ढुंगा, गिट्टी, बालुवा र स्लेट) बाट उठाउने रकमको निर्धारण गरेको छ ।

सम्भावना:

नगरपालिका भित्र रहेका खोला, नदी तथा खानीहरु बाट निस्कने स्लेट, ढुंगा, गिट्टी, बालुवा तथा माटोजन्य वस्तु बिक्रीको लागि तत्काल वातावरणीय प्रवाब मुल्यांकन गरि राजश्वको श्रोत बृद्दि गर्न सक्ने सम्भावना देखिन्छ । पुचौड़ी नगरपालिकालेको आर्थिक ऐन २०७६ अनुसार आमामी आ.ब.मा रु ३ लाख संकलन गर्ने अनुमान गरिएको छ ।

सुधारका पक्षहरूः ढुंगा, गिट्टी, बालुवा र स्लेट विक्रीको सन्दर्भमा निम्नअनुसार सुझावहरु प्रस्तुत गरिएको छः

१. वातावरणीय प्रवाब मुल्यांकन गर्ने ।

२. बार्षिक ठेक्का समयमा नै लगाउने ।

झ) सामुदायिक वनको वन पैदावार बिक्रीबाट प्राप्त हुने आय

हालको अवस्थाः हालैको केही नेपाल ऐन संशोधन अन्तर्गत भएको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात मुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीबापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित नगरपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।यस नगरपालिकामा रहेका सामुदायिक वन तथा ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्यांक उपलब्ध नभएकाले यस शिर्षकमा राजस्वको अनुमान गरिएको छैन ।

सुधारका पक्षहरूः

- नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख संकलन गर्ने ।
- सामुदायीक वन पैदावर बिक्री तथा उपयोग सम्बन्धी वार्षिक कार्ययोजना नगरपालिकाले स्वीकृत गर्ने ।
- आय संकलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

ञ) सम्पति भाडाः

- **हालको अवस्था र सम्भावना :** पुचौड़ी नगरपालिकाले आर्थिक ऐन २०७६ मा व्यावस्था गरि सरकारी सम्पति भाडामा लगाई राजस्व संकलन गरिरहेको अवस्था छ आ.ब. ०७६/०७७ मा यस शिर्षकबाट पालिकाले रु ३०० हजार राजस्व संकलन गरेको देखिन्छ ।पालिकाको मातहतमा भएको एक्साभेटर र ट्रीपर भाडा वापत रु ३३० हजार संकलन हुने अनुमान गरिएको छ ।

परिच्छेद - ४

आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

४.१ राजस्व परिचालन सम्बन्धी संस्थागत संरचना

स्थानीय सरकार संचालन ऐन, २०७४ ले राजस्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामार्श प्रदान गर्न स्थानीय स्तरमा एक राजस्व परामर्श समितिको परिकल्पना गरेको छ । पुर्चौडी नगरपालिकाको राजस्व परामर्श समितिको संस्थागत संरचना देहाए बमोजिम रहेको छ ।

तालिका नं. १० पुर्चौडी नगरपालिकाको राजस्व परामर्श समिति

क्रसं	नाम	पद	जिम्मेवारी
१	श्री जानकी एर बम	उप मेयर	संयोजक
२	श्री विर बहादुर नेपाली	प्रमुख प्र. अधिकृत	सदस्य
३	श्री धनपती चन्द बम	का.पा. सदस्य	सदस्य
४	श्री जनक विष्ट	का.पा. सदस्य	सदस्य
५	श्री बिरेन्द्र धानुक	नि.क्षे. प्रतिनिधि	सदस्य
६	श्री जगि साउद	नि.क्षे. प्रतिनिधि	सदस्य
७	श्री भारत धानुक	राजस्व शाखा	सदस्य सचिव

यस नगरपालिकाले आर्थिक वर्ष २०७७/२०७८ को लागि स्वीकृत गरेको राजश्व सम्बन्धी नीतिहरुको विस्तृत विवरण **अनुसूची ४** मा समावेश गरीएको छ ।

४.२ आय संकलनको संस्थागत व्यवस्था

यस नगरपालिकाले संगठन संरचना तयार गरिनसकेको तथा कर्मचारी को अभावमा राजस्व शाखा व्यवस्थित हुन सकेको छैन तापनि उपलब्ध कर्मचारीबाट काम लिई रहेको अवस्था छ ।

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल नगरपालिकाको राजस्व संकलनको अवस्था देहायअनुसार रहेको छः

नगरपालिकामा राजस्व परामर्श समितिले आवश्यकता अनुसार बैठक गर्ने, करका दर, दायरा सम्बन्धमा शीर्षकगत छलफल गरी स्वीकृतिका लागि नगरसभामा पेश गर्ने गरेको छ ।

राजस्व शाखा प्रमुखको जिम्मेवारी कम्प्युटर अपरेटर कर्मचारीलाई जिम्मा दिइएको छ ।

राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरुको कार्यविवरण नरहेको ।

४.३ विगतको आय परिचालनको अवस्था

यस नगरपालिका विगत आ.ब. २०७६/०७७ मा आन्तरिक आयको अवस्था यस प्रकार रहेको छ ।

तालिका नं. ११ आन्तरिक आयको अवस्था

क्र.सं.	प्रमुख स्रोत	२०७६/७७ को यथार्थ	कैफियत
	कर		
१.	सम्पत्ती कर		
२.	भूमि कर (मालपोत)	२३४	
३.	व्यवसाय कर	७४६	
४.	जडिबुटी, कवाडी र जीवजन्तु कर	१	
५.	घरवहाल कर	५	
६.	विज्ञापन कर		
७.	मनोरञ्जन कर		
८.	सवारी साधन कर		
९.	घर-जग्गा रजिष्ट्रेसन शुल्क		
	जम्मा	**९८६**	
	गैर कर		
१०.	सेवा शुल्क (सवै किसिमका)	४४	
११.	दस्तुर (सिफारिश, प्रमाणित, नक्सा पास आदि)	१२०	
१२.	बिक्री (गिटी,ढुङ्गा,वालुवातथा अन्य सम्पत्तिविक्री)		
१३.	न्यायिक दण्ड जरिवाना र जफत	५	
१४.	अन्य	२७३३	
	जम्मा	**२९०२**	
	कूल जम्मा	**३८८८**	

तालिका नं. १२ पुर्चौडी नगरपालिकाको कूल आय संरचना

आय स्रोत	०७६ /०७७	प्रतिशत	०७७ /०७८	प्रतिशत	०७८ /०७९	प्रतिशत
आन्तरीक आय (रु.)	३८८८	०.६३				

राजश्व बाँडफाँड (रु.)	७५४४६	१४.१				
बाह्यस्रोत (रु.)	४१४४५८	७७.२				
जनसहभागीता						
गतवर्षको मौज्दात	४२९९३	८.०७				
जम्मा	**५३६७८५**	**१००**				

४ .४ राजस्व परिचालनमा रहेका सवालहरू

पुचौड़ी नगरपालिकाले राजस्व अधिकार क्षेत्रभित्रका धेरैजसो सम्भावनाहरु उपयोगमा ल्याएको छैन। समग्रमा यस नगरको राजस्व परिचालनको क्षेत्रमा निम्नअनुसारका प्रमुख सवालहरु विद्यमान रहेको देखिन्छः

क. राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

राजस्व संकलनलाई प्रभावकारी तथा पारदर्शी बनाउन राजस्व संकलन सम्बन्धी छुट्टै कार्यविधिहरू, आवश्यक जनशक्ति, कार्यस्थल तथा आवश्यक उपकरण सहितको वातावरण हुनु आवश्यक छ ।वडास्तरमा पर्याप्त कर्मचारीको अभावका करण हाते बिल प्रयोग गर्ने गरिएको छ। राजस्व शाखाका लागि पर्याप्त स्थानको कमी रहेको देखिन्छ। राजस्व शाखामा एकजना राजस्व अधिकृतका अतिरिक्त थप तीन जना कर्मचारी कार्यरत छन्। वडा कार्यालयहरुको हकमा एकजना वडा सचिव र एकजना सहायक कर्मचारी कार्यरत रहेको देखिन्छ। कार्यबोझका आधारमा कर्मचारी कम देखिन्छ।

ख. तथ्यांक संकलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

हाल नगरपालिकामा सम्पत्ति कर, भूमि कर (मालपोत), व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउने करदाताको संख्या के कति छ भन्ने यकीन तथ्यांक छैन । एकातिर बिलिङ पद्धतिलाई पूर्णरुपमा कम्प्युटरमा आधारित बनाउनुपर्ने देखिन्छ भने अर्कातिर सबै करदाताको लगत संकलन गर्नुपर्ने आवश्यकता रहेको छ। पूर्णरुपमा कम्प्युटरमा आधारित बिलिङ गर्ने परिपाटी भए मात्र कुन शीर्षकमा कर तिर्ने कति करदाता छन् भन्ने यकीन साथ तुरुन्त भन्न सकिने स्थिति रहन्छ र करदाताको लगत संकलन पश्चात्करको दायरामा आउन बाँकी करदाताको संख्याका बारेमा पनि आँकलन गर्न सकिन्छ ।

ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

नगरपालिकाले आय परिचालन सम्बन्धी सम्पत्ति व्यवस्थापन, घरबहाल, नदीजन्य पदार्थ बाहेक अन्य क्षेत्रहरुमा समेत कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय संकलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्वन्धी ब्यवस्था, अनुगमन जस्ता विषवस्तु पर्दछन् ।

घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

नगरपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व संकलनका लागि दर निर्धारण गर्दा सरोकारवाला व्यक्ति तथा संघ संस्थाहरुसँग पर्याप्त छलफल गर्ने र सभाबाट स्वीकृत भएको करलाई जनस्तरसम्म प्रचार प्रसार गर्न आवश्यक हुन्छ । नगरपालिकाले करदातालाई तिर्नुपर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन अग्रिम सूचना सम्प्रेषण गर्ने विधिको उपयोगसँगै करदाता शिक्षामा पनि पर्याप्त ध्यान दिन सकेको देखिदैन । यसका अतिरिक्त राजस्व प्रशासनमा दण्ड र पुरस्कारको नीतिलाई प्रभावकारी रुपमा अवलम्बन गर्नु पर्ने देखिदैन ।

ङ. समन्वय संयन्त्र

राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक हुन्छ । राजस्व परिचालन सम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व संकलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग प्रभावकारी समन्वयको खाँचो देखिन्छ । आय संकलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वयको खाँचो देखिन्छ । साथै रोयल्टी लगायतका राजस्व बाँडफाँड सम्बन्धमा नेपाल सरकारसँग, सवारी साधन कर तथा घरजग्गा रष्ट्रिशन दस्तुरको बाँडफँटका लागि प्रदेश सरकारसँग र विगत बर्षहरुको राजस्व बाँडफाँटका लागि जिल्ला समन्वय समितिसँग पर्याप्त समन्वय कायम नहुँदा ती निकायबाट

नगरपालिकामा प्राप्त हुने स्रोत नियमित रुपमा प्राप्त हुन सकेको देखिदैन ।

च. चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

आयको संकलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ। नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा

ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे सरोकारवालालाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन्।

परिच्छेद - ५

राजश्व सुधार कार्ययोजना

५.१ राजस्व सुधार कार्ययोजना

राजश्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य स्थानीय तहको राजश्व परिचालनमा सुधार ल्याउनको लागि योजनाबद्ध रुपमा कार्य संचालन गर्नु हो । स्थानीय तहको राजश्व प्रक्षेपण गरी सोको आधारमा वजेट तयार गर्ने तथा राजश्व परामर्श समितिको सिफारिशमा राजश्वका दररेट निर्धारण गर्ने कार्यमा राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ ।

नगरपालिकाको राजस्व परिचालनमा के कस्ता समस्या छन् र सुधारका लागि के कस्ता कृयाकलाहरु सञ्चालन गर्न आवश्यक छ भन्ने विषयमा निर्वाचित जनप्रतिनिधि र सो कार्यमा संलग्न जनशक्ति नै सबैभन्दा बढी जानकार हुन सक्दछन् । त्यसबाहेक यसका सरोकारवालाहरुको भोगाई पनि आफैमा महत्वपूर्ण मानिन्छ । यस कार्यका लागि बाह्य परामर्शदाताको भूमीका उनीहरुलाई समस्या पहिचान गरी समाधानका सही उपाय पहिल्याउने कुरामा सहजीकरण गर्ने सम्मको हुन्छ । तसर्थ यो कार्ययोजना तर्जुमा गर्दा पनि यसै अवधारणा अनुरुप सहभागितामूलक कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालाका सहभागीहरूलाई चार वटा समूहमा विभाजन गरी गरिएको समूह कार्य र त्यस उपर प्लेनरीमा भएको छलफलका आधारमा तय भएका विषयबस्तुलाई परामर्शदाताद्वाट संकलित अन्य सूचना तथा विश्लेषणबाट आएका नतिजाहरूलाई समेत समावेश गरी राजस्व सुधार कार्ययोजनातयार गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई बृहत् रुपमा निम्न तीन क्षेत्रमा विभाजन गरिएको छः

क. कर राजस्व सुधार योजना

ख. गैरकर राजस्व सुधार योजना

ग. राजस्व प्रशासन सुधार योजना

<u>क. कर राजस्व सुधार योजना</u>

तालिका नं. १३ कर राजस्व सूधार कार्ययोजना

क्र.सं	कर राजस्वको शिर्षक	सुधारकालागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी

१	भूमीकर (मालपोत)	• मालपोत कार्यालयबाट जग्गाको अभिलेखप्राप्त गर्न • वडागत रुपमा सम्पूर्ण जग्गाको अभिलेखराख्ने र नियमित अद्यावधिक गर्ने • जग्गाको पुनवर्गीकरण गरी मूल्यांकनलाई वैज्ञानिक बनाउने	आ.बा. २०७८/०८९ देखि निरंतर	राजस्व शाखा
२	सम्पत्तिकर	• सम्भाव्य सम्पत्ति करदाता सबैको विवरण संकलन गरी अद्यावधिक गर्ने • सम्पत्ति कर सम्बन्धी फाराम अनलाइन प्रविधिबाट भर्ने व्यवस्था गर्ने • सम्पत्ति कर सम्बन्धी जनचेतना शिविरसञ्चालन गर्ने	आ.बा. २०७८/०८९ देखि निरंतर	सूचना प्राबिधिक शाखा
३	सवारी कर	• दर्ता तथा नविकरण कार्यविधि बनाउने • भाडा निर्धारण गर्ने • सवारी नम्बरकायम गर्ने	आ.बा. २०७८/०८९ देखि निरंतर	नगर कार्यपालिका
४	घरजग्गा बहाल कर	• घर बहाल कारलाई प्रगतिशील प्रणालीमा निर्धारण गर्ने • घर नम्बर लागु गर्ने	आ.बा. २०७८/०८९ देखि निरंतर	सूचना प्रविधि शाखा, आर्थिक प्रशासन शाखा र वडा कार्यालयहरु
५	व्यवसायकर	• नयाँ दर्ता तथा नवीकरणका लागि शिविर सञ्चालन गर्ने • सम्भाव्य व्यवसाय करदाता सबैको	आ.बा. २०७८/०८९ देखि निरंतर	आर्थिक विकास शाखा र सूचना प्रविधि शाखा

		विवरणसंकलन गरी नियमित अद्यावधिक गर्ने • अनलाइन प्रविधिबाट व्यवसाय दर्ता अभिलेख राख्ने		
६	जडीवुटी, कवाडी र जीवजन्तु कर	• ठेक्का प्रणाली लागु गर्ने • संकलन केन्द्रको स्थापना गर्ने	आ.बा. २०७८/०८९ देखि निरंतर	आर्थिक प्रशासन शाखा
७	विज्ञापन कर	• कार्यविधि निर्माण गर्ने • सम्भाव्यता अध्यायन गने • अनुगमन प्रभावकारी बनाउने	आ.बा. २०७८/०८९ देखि निरंतर	नगर कार्यपालिका र राजस्व परामर्श समिति

ख. गैरकर राजस्व सुधार योजना

गैरकर राजस्वको क्षेत्रमा आवश्यक सुधारका लागि निम्नानुसारका कृयाकलापहरु प्रस्ताव गरिएको छः

तालिका नं. १४ गैरकर राजस्व सूधार कार्ययोजना

क्र.सं	गैरकरराजस्वका शिर्षक	सुधारकालागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
१	ढुंगा, गिट्टी, बालुवा, जराजुरी, आदि प्राकृतिक वस्तुको बिक्री	• सम्भाव्य क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने, • प्रारम्भिक वातावरणीय परीक्षणका अतिरिक्त आवश्यक भए वातावरणीय प्रभाव मूल्यांकन समेत गर्ने, • बिक्रीको दर निर्धारण गर्ने, • वार्षिक ठेक्का लगाउने, • आर्थिक ऐन बिपरित जाने ठेकेदारलाई कारवाही गर्ने	२०७९ जेष्ठ मसान्त सम्म	वातवरण एवम राजस्व शाखा

२	वन पैदावर	• सामुदायिक वन तथा वनपैदावार बिक्रीसम्बन्धी तथ्यांक संकलन र नियमित अद्यावधिक गर्ने, • सामुदायिक वनको वन पैदावार बिक्रीवापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित शीर्षकमा दाखिला गरी गाउँ पालिकाको सञ्चित कोषमा जम्मा गर्ने	२०७८-०७९ देखि	कार्य पालिका तथा राजस्व शाखा
३	नक्सा पास दस्तुर	• आर्थिक ऐन संशोधन गर्ने • करको दायरा बढाउने	२०७८-०७९ देखि	नगर कार्यपालिका
४	बहाल विटौरी शुल्क	• प्रतिजग्गाको लगत संकलन गर्ने, • प्रतिजग्गामा बनेका घर टहराहरुबाट बहाल बिटौरी शुल्क असुल गर्ने	२०७८-०७९ देखि	सम्बन्धित वडा कार्यालय
५	पार्किंग शुल्क	• पार्किङका लागि उपयुक्त सार्वजनिक जग्गा पहिचान गर्ने, • प्राथमिकताका आधारमा पार्किङ स्थलहरुको डिजाइन र निर्माण गर्दै जाने, • निर्माणमा भएका पार्किङ स्थलमा पार्किङ, • शुल्क असुली विधि तय गर्ने र तय भएको विधिअनुसार पार्किङ शुल्क असुली गर्ने	२०७८-०७९ देखि	नगर कार्यपालिका
६	फोहरमैला व्यवस्थापन	निजि सार्वजनिक मोडेलमा कार्यविधि निर्माण गर्ने	२०७८-०७९ देखि	नगर कार्यपालिका

७	सेवाशुल्क तथा सिफारिश प्रमाणित दस्तुर	• सेवा शुल्क लिन सकिने क्षेत्रहरु (अतिथिगृह, सभाहल, औद्योगिक क्षेत्र, बसपार्क,हाटबजार तथा सार्वजनिक जग्गाको लिज, कृषि उपज संकलन केन्द्र, कोल्ड स्टोर) आदिको पहिचान गर्ने, • पहिचान भएका आयोजनामध्ये स्वलगानीमा सञ्चालन गर्ने आयोजनाहरुको संभाव्यता अध्ययन गर्ने, • सार्वजनिक निजी साझेदारीमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी कार्यान्वयन प्रकृया अघि बढाउने, • गाउँपालिकाले उपलब्ध गराउने सेवा शुल्ककोदरमा समसामयिक परिमार्जन गर्ने	२०७८-०७९ देखि	योजना शाखा, राजस्व परामर्श समिति र नगर कार्यपालिका
८	व्यक्तिगत घटना दर्ता शुल्क	• समयमा व्यतिगत घटना दर्ता गर्नका लागि जागरण अभियान संचालन गन्ने, • समयमा व्यतिगत घटना दर्ता नगरेमा उच्च शुल्क लिने कर्यविबी निर्माण गर्ने	२०७८-०७९ देखि	नगरकार्यपालिका
९	दर्ता, अनुमति तथा नविकरण दस्तुर	• लगानीका आधारमा व्यबसाय दर्ता तथा नवीकरण शुल्क निर्धारण गर्ने, • उधोघरुलाई साना, मझौला तथा ठुला गरि विभाजन गर्ने	२०७८-०७९ देखि	राजस्व परामर्श समिति, नगरकार्यपालिका

ग. राजस्व प्रशासन सुधार योजना

समग्र राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्व प्रशासनको क्षेत्रमा गरिनु पर्ने सुधारका लागि देहाय बमोजिमका कृयाकलापहरु प्रस्ताव गरिएको छः

तालिका नं. १५ राजस्व प्रशासन सुधार कार्ययोजना

क्र.सं.	राजस्वप्रशासन सुधारका लागि गर्नुपर्ने कार्यहरु	समयावधि	जिम्मेवारी
कानुनी तथा नीतिगत व्यवस्था	• आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने हालको राजस्व अधिकारका सम्भाव्य शिर्षकहरु अनुसार शिर्षक हेरफेर गर्ने व्यवहारिक नदेखिएका, लागु नहुने तथा संघीय कानुनसँग बाझिने प्रावधानहरुलाई हटाउने । • राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने । • व्यवसाय कर सम्बन्धि कार्यबिधि २०७७ लाई पूर्ण रुपमा लागु गर्ने • प्रगतिशील करको दर, मूल्य र महत्वको आधारमा करको निर्धारण, समयानुकूल करको दरमा परिमार्जन गन	आ.ब.२०७८ साउन देखि निरन्तर	राजस्व शाखा, राजस्व परामर्श समिति
सांगठनिक स्वरुप	राजस्व सम्बन्धी कामको चाप र आवश्यकता अनुसार वडा कार्यालय देखि नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी दरबन्दी थप गर्ने	आ.ब.२०७९ असर सम्म	प्रमुख प्रशासकीय अधिकृत,
भौतिक पूर्वाधार तथा संरचना	सेवाग्राहीमैत्री भौतिक संरचना तयारीः • खानेपानी, शौचालय, प्रतिक्षालय, चमेनागृहको व्यवस्था गर्ने,	आ.ब.२०७९ असर सम्म, तोकिएको मितिमा	नगरकार्यपालिका

	• पहिले आउनेलाई पहिलो सेवा दिने • टेण्डर, विज्ञापन लगायतका सूचनाहरु छापा तथा विद्युतीय लगायतका प्रभावकारी तथा सान्दर्भिक माध्यमबाट प्रसार गर्ने		
पारदर्शिता तथा जवाफदेहिता	• नागरिक वडापत्रको व्यवस्था गर्ने • मोबाइल एपको व्यवस्था निर्माण गर्ने • हरेक वर्ष समयानुकूल करमा अद्यावधिकरण	२०७८ असोज मसान्त सम्म	सूचना प्रविधि शाखा र राजस्व शाखा
करदाताको पहिचान	• वर्गीकृत करदाता तथ्यांक संकलन • कर छुट नहुने सेवाको वर्गीकरण • प्रत्येक परिवारको सम्पत्ति/आम्दानीको लगत संकलन	२०७८ चैत मसान्त	आर्थिक प्रशासन शाखा, राजस्व शाखा, वडा कार्यालय
राजस्व सुधार कार्ययोजना कार्यान्वयन	• कर करदातालाई कर तिर्नेबारेको जानकारी एसएमएस लगायतका प्रभावकारी माध्यमबाट गराउने • कर नीतिमा दण्डात्मक र उत्प्रेरणामूलक दुवै सिद्धान्तको सन्तुलित प्रयोग गर्ने । जस्तै, ढिलो कर तिर्नेलाई विलम्ब शुल्क लगायत दण्डको व्यवस्था र नियमित तथा बढी कर तिर्ने करदातालाई पुरस्कारको व्यवस्था गर्ने • कर उठाउने टोली खटाई व्यवसाय दर्ता, नवीकरण गर्ने	२०७८ असर मसान्त	राजस्व परामर्श समिति

	• विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक प्रचार प्रसार गर्ने ।		
करदाताको अभिलेख	विद्युतीय प्रविधिको प्रयोगबाट सबै प्रकारका करदाताको अभिलेख राख्ने र अद्यावधिक गर्दै जाने	नियमित तथा वार्षिक	राजस्व शाखा, वडा कार्यालयहरु
अनुगमन मूल्यांकन	• सम्बन्धित शाखा समितिले वडादेखि गाउँपालिकाको सबै शाखा तथा सम्पूर्ण सरोकारवाला निकायमा स्थलगत निरीक्षण गर्ने, • करको महत्व बुझाउने, सुझाव संकलन गर्ने	हरेक आ.व.को अन्तिम चौमासिक	राजस्व अनुगमन समिति
आन्तरिक लेखा परीक्षण	• चालु आ.व.मा भए गरेका कर असुलीको आन्तरिक एवम् अन्तिम लेखा परीक्षण गर्ने • आर्थिक प्रतिवेदन तयार गर्ने	आगामी आ.व.को प्रथम चौमासिक	राजस्व शाखा आ.ले.प. शाखा

परिच्छेद - ६

आगामी तीन वर्षको आय प्रक्षेपण

६.१ राजस्व प्रक्षेपणका आधारहरु

राजश्व सुधार कार्ययोजना तयारी पश्चात सोको कार्यान्वयनबाट स्थानीय तहको राजश्व संकलनमा पर्ने प्रभावको समेत विश्लेषण गरी भविष्यको लागि प्राप्त हुने राजश्वको प्रक्षेपण गर्नुपर्दछ । राजश्व प्रक्षेपणको लागि निम्न विधिहरुमध्ये राजश्वका स्रोतको उपलब्ध सूचनाको आधारमा कुनै एक विधि प्रयोगमा ल्याउन सकिन्छ व्यवास्ता रहेको छ ।

क. तथ्यांकिय आधार

ख. विगतको राजश्व बृद्धिदरको आधार

ग. संझौताको आधार

घ. लमसम बृद्धिदर

यसैगरी यस पुचौड़ी नगरपालिकामा प्रत्येक शीर्षकको आय प्रक्षेपण गर्दा देहायका आधारहरु लिइएको छः

तालिका नं. १६ राजश्व प्रक्षेपणका आधारहरू

राजस्व संकेत	राजस्व शिर्षक	कुल सम्भाव्यता (रु हजारमा)	आय प्रक्षेपणका आधारहरू
११३१३	सम्पत्तिकर	५७८	कुल सम्भाव्यताको पहिलो वर्ष ९० प्रतिशत संकलन हुने र त्यस पश्चात क्रमशः वार्षिक १० प्रतिशतका दरले वृद्धिहुने ।
११३१४	भूमी कर (मालपोत)	२८९	कुल सम्भाव्यताको पहिलो वर्ष ९० प्रतिशत संकलन हुने र त्यस पश्चात कर्मशः वार्षिक १० प्रतिशतका दरले वृद्धिहुने ।
११३२१	घर बहाल कर	१५६	कुल सम्भाव्यताको पहिलो वर्ष ९० प्रतिशत संकलन हुने र त्यस पश्चात कर्मशः वार्षिक १० प्रतिशतका दरले वृद्धिहुने ।
११३२२	बहाल बिटौरी शुल्क	१००	आ.व. ०७७/०७८ का लागि रु १०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।

११४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	७३८४६	आ.व. ०७७/०७८ मा प्राप्त रु. ७३८४६ हजार त्यस पश्चात कर्मशः वार्षिक १० प्रतिशतका दरले वृद्धिहुने ।
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
११४५६	बाँडफाँड भई प्राप्त हुने सवारी कर	१५७१	आ.व. ०७७/०७८ मा प्राप्त रु. १५७१ हजार त्यस पश्चात कर्मशः वार्षिक १० प्रतिशतका दरले वृद्धिहुने ।
११४७२	विज्ञापन कर	५०	आ.व. ०७७/०७८ का लागि रु ५० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
११४७३	मनोरञ्जन कर		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
११६११	जडीबुटी, कवाडी र जीवजन्तु कर	५०	आ.व. ०७७/०७८ का लागि रु ५० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
११६१३	व्यवसाय रजिष्ट्रेशन दस्तुर/घ वर्ग		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
११६९१	अन्यकर		
	व्यवसाय कर	८००	आ.व. ०७७/०७८ का लागि रु ८०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१३३११	समानीकरण अनुदान	१३०७३०	आ.व. ०७७/०७८ का लागि प्राप्त सिलिङ संघीय सरकार बाट १२३४०० हजार प्रदेश सरकार बाट ७३३० हजार त्यसपछीका आ.व.मा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१३३१२	सशर्त अनुदान	२७०२५५	आ.व. ०७७/०७८ का लागि प्राप्त सिलिङ संघीय सरकार बाट २६४१४२ हजार प्रदेश सरकार बाट ६११३ हजार त्यसपछीका आ.व.मा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान ।

१३३१४	विशेष अनुदान	६७००	आ.व. ०७७/०७८ का लागि प्राप्त सिलिङ संघीय सरकार बाट ३७०० हजार प्रदेश सरकार बाट ३००० हजार त्यसपछीका आ.व.मा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१३३१६	समपुरक अनुदान चालु	६७७२	आ.व. ०७७/०७८ का लागि प्राप्त सिलिङ प्रदेश सरकार बाट ६७७२ हजार त्यसपछीका आ.व.मा वार्षिक १० प्रतिशतले वृद्धि हुने अनुमान ।
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	३३०	आ.व. ०७७/०७८ का लागि रु ३०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५ प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४१५३	वन रोयल्टी		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१५४	खानी रोयल्टी	२९	आ.व. ०७७/०७८ का लागि रु २९ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५ प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४१५५	जलस्रोत रोयल्टी		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१५६	बिधुत रोयल्टी		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१५७	पर्वतारोहणरोयल्टी		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१५८	पदयात्रा रोयल्टी		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४१५९	पर्यटन रोयल्टी		
१४१७७	घरजग्गारजिष्ट्रेशन शुल्क		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।

	बिक्रिबाटप्राप्त रकम		
१४२१३	(ढुंगा, गिट्टी, बालुवा	३००	आ.व. ०७७/०७८ का लागि रु ३०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
	बन पैदावररु.		
१४२१९	अन्य सेवाशुल्क (फोहोरमैला व्यबस्थापन)		आ.व. ०७७/०७८ का लागि रु २०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२२९	अन्यप्रशासनिक सेवा शुल्क		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४२४१	पार्किङशुल्क		आ.व. ०७७/०७८ का लागि रु २०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२४२	नक्सापासदस्तुर	५०	चालू आ.व.का लागि रु ५० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२४३	सिफारिस दस्तुर	६९४	आ.व. ०७७/०७८ का लागि रु ६९४ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	३४७	आ.व. ०७७/०७८ का लागि रु ३४७ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२४५	नाता प्रमाणित दस्तुर	१७३	आ.व. ०७७/०७८ का लागि रु १७३ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४२४९	अन्यदस्तुर	११५	आ.व. ०७७/०७८ का लागि ११५ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५ प्रतिशतका दरले वृद्धिहुने हुने ।

१४३११	न्यायिकदण्ड, जरिवाना र जफत	२३	आ.व. ०७७/०७८ का लागि रु २३ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५ प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४३१२	प्रशासनिकदण्ड, जरिवाना र जफत	२३	आ.व. ०७७/०७८ का लागि रु २३ हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः ५ प्रतिशतका दरले वृद्धिहुने हुने ।
१४५२२	साना सवारीकर		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४५२३	जनसहभागिता		हालसम्म प्राप्त नभएको र यस सम्बन्धी कुनै तथ्यांक नभएकाले अनुमान नगरिएका ।
१४५२९	अन्यराजस्व (विविध आय)	२००	आ.व. ०७७/०७८ का लागि रु २०० हजार अनुमान गरिएको र त्यसपछिका वर्षमा क्रमशः १० प्रतिशतका दरले वृद्धिहुने हुने ।
१५१११	बेरुजु	६००	आ.व. ०७७/०७८ का लागि एक मुष्ठ ६ लाख अनुमान गरिएको छ ।

६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण

माथि उल्लिखित प्रक्षेपणका आधारमा नगरपालिकाको आगामी ३ वर्षको प्रक्षेपित आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । प्रक्षेपणको लागि राजस्व संकेतका लागि तोकिएको कोडको प्रयोग गरिएको छ ।

तालिका नं. १७ चालू आ.व.को अनुमान तथा आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

राजश्वसंकेत	राजश्व शिर्षक	प्रस्तावित	प्रक्षेपित आय (रु.हजारमा)		
		०७७ /०७८	०७८ /०७९	०७९/ ०८०	०८०/ ०८१
**१००००	**राजस्व तथा अनुदान**	**४९४१८२**	**५४३३६६**	**५९७६७२**	**६५७५४६**
**११०००	**कर**	**७७४४०**	**८४९७९**	**९३४७५**	**१०२९६०**
**११३००	**सम्पत्ती कर**	**११२३**	**१०३०**	**११३३**	**१३८४**
**११३१०	**अचल सम्पत्तीमा लाग्ने कर**	**८६७**	**७८०**	**८५८**	**९४३**
११३११	व्यक्तिगत सम्पत्तीमा लाग्ने वार्षिक कर				
११३१२	संस्थागत सम्पत्तीमा लाग्ने वार्षिक कर				

११३१३	सम्पत्ति कर	५७८	५२०	५७२	६२९
११३१४	भूमी कर मालपोत	२८९	२६०	२८६	३१४
११३२०	**खुद सम्पत्तिमा लाग्ने चालु कर**	**२५६**	**२५०**	**२७५**	**४४१**
११३२१	घर बहाल कर	१५६	१४०	१५४	३०८
११३२२	बहाल विटौरी शुल्क	१००	११०	१२१	१३३
११३५०	**वित्तीय र पुँजीगत कारोबारमा लाग्ने कर**				
११३५१	वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर				
११४००	**वस्तु तथा सेवामा आधारित कर**	**७५४६७**	**८३०१४**	**९१३१४**	**१००४४५**
११४१०	**मुल्य अभिवृद्धि कर**	**७३८४६**	**८१२३१**	**८९३५४**	**९८२८९**
१४४११	बाँडफाँड भई प्राप्त हुने मु.अ.कर	७३८४६	८१२३१	८९३५४	९८२८९
११४२०	**अन्तःशुल्क**				
१४४२१	बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क				
११४४०	**विशेष सेवामा लाग्ने कर**				
११४४२	स्वास्थ्य सेवा कर				
११४४३	शिक्षा सेवा शुल्क : शैक्षिक संस्था				
११४४४	शिक्षा सेवा शुल्क : वैदेशिक अध्ययन				
११४५०	**पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर**	**१५७१**	**१७२८**	**१९००**	**२०९०**
११४५१	सवारी साधनमा कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारीकर)				
११४५२	पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर				
११४५६	बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर	१५७१	१७२८	१९००	२०९०

११४७०	**मनोरंजन कर**	**५०**	**५५**	**६०**	**६६**
११४७१	सिनेमा डकुमेन्ट्री				
११४७२	विज्ञापन कर	५०	५५	६०	६६
११४७३	अन्य मनोरंजन कर				
११६००	**अन्य कर**	**८५०**	**९३५**	**१०२८**	**११३१**
११६१०	**व्यवसायले भुक्तानी गर्ने**	**५०**	**५५**	**६०**	**६६**
११६११	व्यावसायले भुक्तानी गर्ने (जडीबुटी कवाडी र जीवजन्तु कर)	५०	५५	६०	६६
११६१३	व्यवसाय रजिष्ट्रेशन दस्तुर				
११६१४	रेडियो, एफ.एम. संचालन दस्तुर				
११६२०	**व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने**				
११६२१	चालक अनुमती पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर				
११६३०	**कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर**				
११६३१	कृषि तथा पशुजन्य वस्तुको ब्यवसायिक कारोवारमा लाग्ने कर				
११६३१	ओखेटोपहारमा लाग्ने कर				
११६९०	**अन्य कर**	**८००**	**८८०**	**९६८**	**१०६५**
११६९१	अन्य कर (व्यबसाय कर)	८००	८८०	९६८	१०६५
१३०००	**अनुदान**	**४१४४५७**	**४५५९०२**	**५०१४९२**	**५५१६४०**
१३१००	**द्विपक्षीय वैदेशिक अनुदान**				
१३११०	**द्विपक्षीय वैदेशिक चालू अनुदान**				
१३१११	द्विपक्षीय वैदेशिक चालू अनुदान				

१३१२०	**द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान**				
१३१२१	द्विपक्षीय वैदेशिक पुँजीगत अनुदान				
१३२००	**बहुपक्षीय वैदेशिक अनुदान**				
१३२१०	**बहुपक्षीय वैदेशिक चालु अनुदान**				
१३२११	अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान				
१३२१२	गैरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त चालु अनुदान				
१३२२०	**बहुपक्षीय वैदेशिक पूँजीगत अनुदान**				
१३२२१	अन्तरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान				
१३२२२	गैरसरकारी अन्तराष्ट्रिय संस्थाबाट प्राप्त पूँजीगत अनुदान				
१३३००	**अन्तरसरकारी वित्तीय हस्तान्तरण**	**४१४४५७**	**४५५९०२**	**५०१४९२**	**५५१६४०**
१३३१०	**अन्तरसरकारी अनुदान**	**४१४४५७**	**४५५९०२**	**५०१४९२**	**५५१६४०**
१३३११	वित्तिय समानिकरण अनुदान	१३०७३०	१४३८०३	१५८१८३	१७४००१
१३३१२	शसर्त अनुदान	२७०२५५	२९७२८०	३२७००८	३५९७०८
१३३१४	विषेश अनुदान	६७००	७३७०	८१०७	८९१८
१३३१६	समपुरक अनुदान	६७७२	७४४९	८१९४	९०१३
१३३२०	**अन्तरसरकारी पूँजीगत अनुदान**				
१३३२१	शसर्त पूँजीगत अनुदान				
१३३२२	विशेष पूँजीगत अनुदान				
१४०००	**अन्य राजश्व**	**२२८४**	**२४८५**	**२७०५**	**२९४६**
१४१००	**सम्पत्तिबाट प्राप्त आय**	**३५९**	**३७६**	**३९५**	**४१५**

१४११०	**व्याज**				
१४१११	वित्तीय निकायबाट प्राप्त व्याज				
१४१११२	व्यापारिक निकायबाट प्राप्तव्याज				
१४१११३	औद्योगिक निकायबाट प्राप्तव्याज				
१४१११४	सेवामुलक निकायबाट प्राप्त व्याज				
१४१११९	अन्य निकायबाट प्राप्तव्याज				
१४१२०	**लाभांश**				
१४१२१	वित्तीय निकायबाट प्राप्त लाभांश				
१४१२२	व्यापारिक निकायबाट प्राप्त लाभांश				
१४१२३	औद्योगिक निकायबाट प्राप्तलाभांश				
१४१२४	सेवामुलक निकायबाट प्राप्तलाभांश				
१४१२९	अन्य निकायबाट प्राप्तलाभांश				
१४१५०	**भाडा तथा रोयल्टी**	**३५९**	**३७६**	**३९५**	**४१५**
१४१५१	सरकारी सम्पत्तीको बहालबाट प्राप्त आय	३३०	३४६	३६३	३८१
१४१५२	वन रोयल्टी				
१४१५४	खानी रोयल्टी	२९	३०	३२	३४
१४१५५	जलस्रोत रोयल्टी				
१४१५७	पर्वतारोहण रोयल्टी				
१४१५८	पदयात्रा रोयल्टी				
१४१५९	पर्यटन सेवा शुल्क रोयल्टी				
१४२००	**बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम**	**१६७९**	**१८४१**	**२०१८**	**२२१३**
१४२१०	**बस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम**	**३००**	**३३०**	**३६३**	**३९९**

१४२११	कृषी उत्पादनको बिक्रिबाट प्राप्त रकम				
१४२१२	सरकारी सम्पत्ती बिक्रिबाट प्राप्त रकम				
१४२१३	अन्य बिक्रिबाट प्राप्त रकम (ढुंगा, गिट्टी, बालुवा ..)	३००	३३०	३६३	३९९
१४२१६	निजी धारा बापतको शुल्क				
१४२१७	खानेपानी, नहर तथा कुलो उपयोग बापतको शुल्क				
१४२१८	विद्युत् सेवा शुल्क				
१४२१९	अन्य सेवा शुल्क (फोहोरमैला व्यबस्थापन)				
१४२२०	**प्रशासनिक सेवा शुल्क**				
१४२२१	न्यायिक दस्तुर				
१४२२३	शिक्षा क्षेत्रको आम्दानी				
१४२२४	परीक्षा शुल्क				
१४२२५	यातायात क्षेत्रको आम्दानी				
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क (सम्पत्ति मूल्यांकन)				
१४२४०	**दस्तुर**	**१३७९**	**१५११**	**१६५५**	**१८१४**
१४२४१	पार्किङ शुल्क				
१४२४२	नक्सापास दस्तुर	५०	५५	६०	६६
१४२४३	सिफारिश दस्तुर	६९४	७६३	८३९	९२३
१४२४४	ब्यक्तिगत घटना दर्ता दस्तुर	३४७	३८२	४२०	४६२
१४२४५	नाता प्रमाणित दस्तुर	१७३	१९०	२०९	२३०
१४२४९	अन्य दस्तुर (दर्ता, नवीकरण)	११५	१२१	१२७	१३३
१४३००	**दण्ड, जरिवाना र जफत**	**४६**	**४८**	**५०**	**५२**
१४३१०	**दण्ड, जरिवाना र जफत**	**४६**	**४८**	**५०**	**५२**
१४३११	न्यायिक दण्ड, जरिवाना र जफत	२३	२४	२५	२६
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	२३	२४	२५	२६

१४४००	**अनुदान बाहेकको हस्तान्तरण**				
१४४१०	**चालु हस्तान्तरण**				
१४४११	चालु हस्तान्तरण				
१४४२०	**पूँजीगत हस्तान्तरण**				
१४४२१	पूँजीगत हस्तान्तरण (नगद मौज्दात तथा हस्तान्तरण)				
१४५००	**विविध राजश्व**				
१४५१०	चालु दावी तथा अन्य शुल्कहरु				
१४५११	बीमा दावी प्राप्ती				
१४५२०	**अन्य राजश्व**	२००	२२०	२४२	२६६
१४५२१	प्रदुषण नियन्त्रण शुल्क				
१४५२२	साना सवारी कर				
१४५२३	जन सहभागिता				
१४५२९	अन्य राजश्व (विविध आय)	२००	२२०	२४२	२६६
१४५३०	**पूँजीगत राजश्व**				
१४५३१	सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त आय				
१५०००	**बेरुजु**		६००	६००	६००
१५१००	**बेरुजु**		६००	६००	६००
१५११०	**बेरुजु**		६००	६००	६००
१५१११	बेरुजु		६००	६००	६००
	बैंक मौज्दात	४२९९३			
	जम्मा	५३७१७५	५४२७६६	५९७०७२	६५७५४०

परिच्छेद - ७

निष्कर्ष तथा सुझाव

७.१ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण

यस अध्ययनका आधारमा आगामी तीन आ.व.मा नगरपालिकाले प्रमुख शीर्षकमा गर्न सक्ने प्रक्षेपित आम्दानी निम्नानुसार रहेको छः

तालिका नं. १८ आगामी ३ वर्षको प्रक्षेपित आय

राजश्वशिर्षक	प्रस्तावित	प्रक्षेपितआय (रु. हजारमा)		
	०७७ /०७८	०७८ /०७९	०७९/ ०८०	०८०/ ०८१
आन्तरिक आय	४३०८	३९०५	४३२६	५५२१
संघीय राजश्व बाँडफाँडबाट प्राप्त आय	७३८४६	८१२३१	८९३५४	९८२८९
प्रदेश राजश्व बाँडफाँडबाट प्राप्त आय	१५७१	१७२८	१९००	२०९०
अनुदान	४१४४५७	४५५९०२	५०१४९२	५५१६४०
बैंक मौज्दात	४२९९३			
जम्मा	**५३७१७५**	**५४२७६६**	**५९७०७२**	**६५७५४०**
कुल आयमा आन्तरिक आयको योगदान %	**०.८०**	**०.७१**	**०.७२**	**०.८४**

प्रस्तुत विवरणले नगरपालिकाको आन्तरिक आय आर्थिक वर्षा २०७७/०७८ मा ०.८ प्रतिशत देखिएको छ । आगामी आर्थिक वर्ष २०७८/७९ देखि आन्तरिक ०.७१ प्रतिशत हुने देखिन्छ ।आन्तरिक आयको हिस्सा बढाउनका लागि आर्थिक ऐन मा समय सापेक्ष परिवर्तन गरि करको दायरा बढाउँदै जरुरी देखिन्छ । यो रकम संकलन गर्न पनि नगरपालिकाले बर्तमान संरचना तथा ब्यवस्थापन प्रणालीमा ठूलै परिवर्तन गर्न जरुरी छ ।

७.२ निष्कर्ष तथा सुझावहरु

- राजश्व परामर्श समितिको थप क्रियासिल बनाई परिचालन गर्ने ।
- आर्थिक ऐन तथा कार्यविधिलाई वस्तुपरक बनाउने।
- सम्पत्ति कर र मालपोत वा भूमीकर असुली व्यवस्था कानूनसम्मत बनाउने।
- प्राकृतिक तथा नदीजन्य वस्तुको विक्रीको दर व्यवहारिक रुपमा निर्धारण गर्ने ।
- सम्भाव्य बिक्री परिमाण एकिन गरी न्यूनतम ठेक्का अंक निर्धारण गर्ने ।
- सवारी पार्किङ्ग स्थल पहिचान गरी त्यस तर्फ आवश्यक प्रकृया अगाडी बढाउने ।

- घरजग्गा बहालकरको दरलाई प्रगतिशिल बनाउने र न्यूनतम बहाल मुल्य तोकी सोही अनुसार असुल गर्ने ।
- राजश्व शाखाको क्षमता विकास गर्ने ।

७.२ कार्ययोजनाको अनुगमन एवम मूल्यांकन

स्थानीय सरकार संचालन ऐन २०७४ को ब्यवस्था अनुसार राजस्व परामर्श समितिलाई राजस्वका स्रोत, दायरा तथा दरको विश्लेषण गरी आय अनुमान गर्ने र स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिलाई बैशाख १० गते भित्र आगामि ३ आर्थिक बर्षको आय अनुमान गर्ने कार्यमा यो राजश्व सुधार कार्ययोजनाले सहयोग गर्दछ । हरेक आर्थिक बर्षको बैशाख पहिलो हप्तासम्ममा राजश्व सुधार कार्ययोजना तयार गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराएमा समितिबाट गरिने निर्णयहरुको लागि यो कार्ययोजना आवश्यक आधार हुनेछ । राजश्व सुधारका नीति, कृयाकलापहरु तथा वजेट अनुमान पश्चात राजश्व सुधार कार्ययोजना अनुसारका कृयाकलापहरु संचालन भए नभएको तथा अनुमान अनुसार आय असुली भए नभएको सम्वन्धमा नियमित रुपमा अनुगमन गर्ने, आगामी आर्थिक बर्षको आय प्रक्षेपणकोलागि त्यस अवधि सम्मको कृयाकलाप तथा आय असुली अवस्थाको मूल्यांकन गर्ने तथा आर्थिक बर्ष सम्पन्न भएपछि सो आर्थिक बर्षको लागि तय गरिएका याकलापहरु तथा आय असुली अवस्थाको मूल्यांकन गर्न आवश्यक हुन्छ । यो राजश्व सुधार कार्य योजनाको अनुगमन तथा मूल्यांकनको लागि निम्न चार तहको अनुगमन तथा मूल्यांकन ब्यवस्था सिफारिश गरिएको छ ।

१.कार्यालय स्तरको अनुगमनः

कार्यालय स्तरको अनुगमन तथा मूल्यांकनक लागि प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा तथा अन्य सम्वन्धित शाखाका प्रतिनिधिहरुलाई जिम्मेवार वनाउनु पर्दछ । स्थानीय सरकारले कम्तिमा महिनामा एक पटक बैठक वसी योजनाको कार्यान्वयनको अवस्था तथा असुली अवस्थाको अनुगमन गरी लक्ष हासिल गर्नेतर्फ आवश्यक कार्यगत निर्णयहरु गरी कार्यान्वयनमा ल्याउनु प्रभावकारी नतिजा प्राप्त गर्न सकिन्छ।

२.राजश्व परामर्श समितिवाट अनुगमन तथा मूल्यांकनः

राजश्व परामर्श समितिले चौमासिक रुपमा राजश्व सुधार योजनाको कार्यान्वयनको अवस्था, आय संकलनको अवस्थाको नियमिति अनुगमन गरी कार्यपालिकालाई आवश्यक परामर्श प्रदान गर्ने कार्य

यस अन्तर्गत पर्दछ । त्यसैगरी आगामी आर्थिक बर्षकोलागि आयको अनुमान गर्ने कार्यपूर्व भएका कार्यको मूल्यांकन गरी स्रोत, दर तथा दायरामा सुधारकोलागि कृयाकलाप सिफारिश गर्ने र त्यसको आधारमा आयको अनुमान गर्नु पर्दछ ।यसका अतिरिक्त आर्थिक बर्षको समाप्ती पश्चात राजश्व सुधार योजनाको समिक्षा गरिन्छ ।

३. कार्यपालिकावाट अनुगमन तथा मूल्यांकनः

कार्यपालिकाको बैठकले राजश्व परामर्श समितिवाट प्रस्तुत गरेका प्रतिवेदन तथा सुझावहरुलाई छलफलमा ल्याई आवश्यक निर्णय गर्नुका साथ साथै छलफलको क्रममा राजश्व सुधार योजना तथा आय असुली अवस्थाको समिक्षा गरी आवश्यक नीतिगत तथा कार्यगत निर्णय गर्नु पर्ने भएमा निर्णय गरीन्छ ।

४. वाह्य अनुगमन तथा मूल्यांकनः

राजश्व सुधार कार्ययोजना कार्यान्वयनमा सहजिकरण गर्ने चाहने संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश मन्त्रालय, प्रादेशिक सुशासन केन्द्र, जिल्ला समन्वय समिति तथा दातृनिकायहरु आदिले अनुगमनको लागि सहयोग प्रदान गर्न सक्नेछन्। यस्तो अनुगमन प्रणालीले स्थानीय तहको अनुगमन तथा मूल्यांकन क्षमतामा विकास हुनेछ ।

अनुसूचीहरू

अनुसूची १ सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन, २०७४
- नेपाल सरकारको आर्थिक ऐन, २०७५
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०७५
- प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५
- पुचौड़ी नगरपालिका कार्यसम्पादन नियमावली २०७४
- पुचौड़ी नगर पालिकाको आर्थिक ऐन २०७६
- पुचौड़ी नगर पालिकाको नीति तथा कार्यक्रम २०७७
- पुचौड़ी नगर पालिकाको राजस्व अनुगमन प्रतिवेदन, २०७७
- नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्र को प्रमाणीकरण समबन्धि कार्यविधि
- पुचौड़ी नगर पालिकाको विभिन्न आर्थिक वर्षहरूको विकास योजना, बजेट तथा कार्यक्रमहरू
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू

अनुसूची २ :तथ्यांक /सूचना संकलनक लागि फारम तथा सूची

तथ्यांक संकलन सूची

१. गाउँ/नगरपालिकाको संक्षिप्त परिचय तथा हालको अवस्थाः

- संक्षिप्त परिचय :
  - नामांकरण,
  - घरधुरी तथा जनसंख्या
  - क्षेत्रफल तथा वडा विभाजन
  - प्रशिद्ध स्थलहरु
- मुख्य पूर्वाधारको अवस्था
  - सडक, बाटो, पुल
  - बिजुली
  - खानेपानी तथा सिंचाई
  - सावर्जनिक भवन तथा पूर्वाधारहरु
  - फोहरमैला व्यवस्थापन (फोहरको परिमाण र व्यवस्थापनको अवस्था)
- आर्थिक अवस्था
  - उद्योग, व्यवसाय तथा कलकारखाना
  - मुख्य व्यापारिक केन्द्रहरु
  - प्राकृतिक तथा पर्यटकिय सम्पदा

..... **गाउँ/नगरपालिकाको संगठन तथा राजश्व प्रशासन :**

- हालको संगठन संरचना

- कर्मचारीहरुको विवरण

क्र. सं.	पद	स्वीकृत दरवंदी	पदपुर्ति	
			स्थायी	करार

- भौतिक सुविधाहरु

  - कार्यालयका भवनहरु
  - सवारी साधन
  - फर्निचर, कम्प्युटर, प्रिन्टर

- राजश्व शाखा तथा राजश्व प्रशासन

- राजश्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

क्र.सं.	नाम	पद	जिम्वेवारी

  - कार्यकक्ष तथा कार्य स्थलको पर्याप्तता
  - फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरु
  - राजश्व सम्बन्धी डाटा वेस, राजश्व प्रशासनमा सफ्फट्वेयर र त्यसको प्रयोग
  - कप्यूटर विलिङ्ग प्रणालिको प्रयोग

- राजश्व परामर्श समिति

क्र.सं.	नम	पद	जिम्वेवारी

अन्य दस्तावेज तथा सूचनाहरु

  - राजश्वसंग सम्बन्धित अन्य नीति तथा कार्यक्रमहरु
  - राजश्व ठेक्का सम्वन्धि विवरण
  - गाउँ/नगरपालिकाको बस्तुस्थिति विवरण
  - राजश्व परिचालनकालागि भएका प्रभावकारी प्रयासहरु

२. ..... गाउँ/नगरपालिकाको स्वमित्व वा भोगचलनमा रहेका जग्गा

क्र.सं.	जग्गा रहेका स्थान	कि.न.	क्षेत्रफल	हालको उपयोग	भाडा वा बहाल रकम (यदी भएमा)

क	स्वामित्वमा रहेको जग्गा				
ख	भोगचलनमा रहेको जग्गा				

श्रोत :

३. ..... गाउँ/नगरपालिकाको स्वमित्वमा रहेका भवन तथा औजारहरु

क्र.सं.	स्थान	सम्पत्तिको विवरण	हालको उपभोग	भाडा वा बहाल रकम (यदी भएमा)
१.	भ्वन			
२	मेसीन औजार			

श्रोत :

४. करमा आधारित सूचनाहरु

क. सम्पत्ति कर सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .....

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

ख. भवन सम्बन्धी विवरण

क्र.सं.	घरको वर्गीकरण	औसत क्षेत्रफल	अनुमानित संख्या	बहालमा भएको संख्या	औसत बहाल दर
१	व्यापारीक प्रयोजनका लागि निर्मित भवन/घरहरु *(नोटः व्यापारीक कम्पलेक्स, पार्टी प्यालेस, अस्पताल, कोल्ड स्टोर, नीजि विद्यालय तथा क्यापस आदी)*				
२	औद्योगिक प्रयोजनका भवन/घरहरु				

३	आवासिय भवन/घरहरु				
३.१	*कच्ची घरहरु (कच्चीजोडाई तथा छाना ।)*				
३.२	*अर्ध कच्ची घरहरु (माटोको जोडाई र कंक्रिट वा स्टिलको छाना भएका)*				
३.३	*पिलर सिस्टम नभएको पक्कि घर (Without RCC Frame Structure)*				
३.४	*पिलर सिस्टम भएको पक्कि घर (With RCC Frame Structure)*				
जम्मा					

ग. मालपोत (भुमी कर) सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .....

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

जग्गा सम्बन्धी विवरण

क.सं.	जग्गाको किसिम	अनुमानित क्षेत्रफल	औसत मुल्यांकन दर (मालपोत कार्यालयको आधारमा)	कैफियत
१	शहरी क्षेत्र			
२	आवासिय क्षेत्र			
३	कृषी क्षेत्र			
४	वन तथा अन्य क्षेत्र			
जम्मा				

घ. सवारी साधन सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएकाजम्मा करदाता संख्या : .....

गत आ.व. मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

क्र.सं.	गाउँ/नगरपालिकामा संचालनमा रहेका सवारी साधन	अनुमानित संख्या	कैफियत
१	अटो रिक्सा, ई रिक्सा		
२	ठेलागाडा, टाँगा, रिक्सा		
जम्मा			

ङ. व्यापार व्यवसाय सम्बन्धी विवरण

..... गाउँ/नगरपालिकामा दर्ता भएका जम्मा करदाता संख्या : .....

गत आ.व. ..... मा कर तिर्ने करदाता संख्या : ..... संकलित रकम : .....

क्र.सं.	संचालनमा रहेका व्यापार व्यवसायको विवरण	साना लगानी (संख्या)	मझौला लगानी (संख्या)	ठुला लगानी (संख्या)	कैफियत
१	उद्योग तथा होटल				
२	वित्तिय संस्था (बैक, विकास बैक, सहकारी, विमा आदि)				

क्र.सं.	संचालनमा रहेका व्यापार व्यवसायको विवरण	साना लगानी (संख्या)	मझौला लगानी (संख्या)	ठुला लगानी (संख्या)	कैफियत
३	निजी स्वास्थ्य तथा शैक्षिक संस्थाहरु				
४	व्यापारिक वस्तुको कारोवार (थोक, खुद्रा)				
५	विषेशज्ञ सेवा (डक्टर, वकिल, अडिटर आदि)				
६	सेवा व्यवसाय (मर्मत, हजाम, चिया, मिठाई, रेस्टुरेन्ट, निर्माण, ढुवानी आदि)				
७	अन्य व्यवसायहरु				

च. प्राकृतिक स्रोतजन्य वस्तु विकी (निजी तथा सार्वजनिक दुबै)

क्र.सं.	उत्पादन/उत्खनन स्थल	बस्तुहरु	कुल उत्खनन योग्य परिणाम	विकी मुल्य
१		ढुङ्गा		
		गिट्टी		
		स्लेट		
		बालुवा		
		दहत्तर वह्त्तर		
		अन्य		
२		ढुङ्गा		
		गिट्टी		
		स्लेट		
		बालुवा		
		दहत्तर वह्त्तर		
		अन्य		

छ. जडिबुटी, कवाडी र जिवजन्तुको व्यवसायिक उपयोग

क.सं.	बस्तुहरु	इकाई	कुल संकलन र व्यवसायिक उपयोग (परिमाण)	अनुमानित मुल्य
क.	जडिबुटी जन्य बस्तुहरु			
ख.	कवाडीजन्य बस्तुहरु			
ग.	जिवजन्तुको हाड, सिंग, खुर, प्वाँख			

ज. वहाल विटौरी सम्बन्धी विबरण

क.सं.	सम्पत्तिहरु	इकाई	परिमाण	दर
क.	हाटवजारका सेड, कोठा तथा खालि स्थान			
ख.	सार्वजनिक जग्गा			

झ. ..... गाउँ/नगरपालिकाले **निर्माण, संचालन तथा व्यवस्थापन गरेका सेवा**

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना (छ ÷छैन)	हालको अवस्था (आय)
१	फोहरमैला व्यवस्थापन				
२	स्थानीय खानेपानी				
३	बिजुली				
४	धारा				
५	अतिथि गृह				
६	धर्मशाला				
७	पुस्तकालय				
८	सभागृह				
९	ढल निकास				
१०	सडक बत्ति				
११	सार्वजनीक शौचालय				

क्र.सं.	सेवाहरु	उपलब्ध गराईएको स्थान वा क्षेत्र	इकाई र परिमाण	सेवा शुल्कको संभावना (छ ÷छैन)	हालको अवस्था (आय)
१२	पार्क				
१३	पौडी पोखरी				
१४	व्यायमशाला				
१५	पर्यटकिय स्थल				
१६	हाट बजार				
१७	पशु बधशाला				
१८	शवदाह गृह				
१९	बसपार्क				
२०	अन्य पार्किङ्ग क्षेत्र				
२१	सिफारिश तथा प्रमाणित				
२२	दर्ता, अनुमाति, नविकरण दस्तुर				
२३	मूल्यांकन सेवा शुल्क				
२४	नक्सापास				
	अन्य				
जम्मा					

अनुसूची ३ कार्यशालाको समय तालिका

कार्यशालाको समय तालिका

समयावधी	क्रियाकलाप
२०७८ असार १५ गते	
२:०० देखि २:३०	कार्यक्रम शुभारम्भ (अधक्क्ष्यता, परिचय, स्वागत मन्तव्य)
	चिया
३:०० देखि ३:३०	कार्यक्रमको उधेश्य , अवधारणा तथा प्रक्रिया — प्रस्तुती
३:३० देखि ४:३०	कर, शुल्क तथा दस्तुर सम्बन्धि अवधराना र सिद्धान्त
२:०० देखि ४:३०	स्थानीय तहको राजस्व अधिकार र परिचालन सम्बन्धि व्यवस्था
५:३० देखि ६:००	तथ्यांक संकलनको फारम प्रस्तुती

समय तालिका

२०७८ असार १६ गते	
७:३० देखि ८:००	चिया नास्ता
८:०० देखि ८:३०	राजश्व सुधार कार्य योजना
८:३० देखि ११:००	राजश्व सुधार कार्ययोजना मस्यौदाका लागि समूह विभाजन तथा समूह कार्य
११:०० देखि ११:३०	चिया
११:३० देखि १२:००	समूह कार्य प्रस्तुतितथा सुझाव संकलन
१२:०० देखि १२:३०	समापन